प्रशस्ति-रत्नावलि

पं. वाणीविलास पाँडे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरातत्व-प्रकाशनमाला- ३१

प्रशस्ति-रत्नावलि

मूल रचयिता-

पं. वाणीविलास पाँडे

अध्यक्ष नारायणप्रसाद शर्माको
अध्यक्षतामा

उपोद्घातका रचयिता तथा
अनुवादक र सम्पादक
नयनाथ पौडेल

श्री ५ को सरकार
शि. सं. पुरातत्व विभाग
नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित

२०२३ वैशाख १ गते मूल्य-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(सर्वाधिकार प्रकाशकाधीन)

मुद्रक– श्री ५ को सरकारको छापाखाना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

पृष्ठ

१. निर्देशकज्यूको वक्तव्य ७–८

२. अध्यक्षज्यूको प्रस्तावना ९–११

उपोद्घात १३–४२

३. ग्रन्थपरिचय १३–१७

४. ग्रन्थकारपरिचय १७–३६

५. ग्रन्थरचनाहेतु ३६

६. ग्रन्थरचनासमय ३७

७. ऐतिहासिक सार ३७–३९

८. पं. वाणीविलास पाँडे र पं. सुन्दरानन्द बाँडाको सम्बन्ध ३९–४१

९. उपसंहार ४२

मूलभाग १–३२

१०. पण्डितत्रय ९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११. भूपतेः.... .... ११
१२. वैश्यस्य १३
१३. शूद्रस्य १५
१४. गुरोः १७
१५. संन्यासिनः १८
१६. वैष्णवस्य १९
१७. कवेः २०
१८. गणकस्य २१
१९. पितुः २२
२०. मातुः २४
२१. स्वस्त्रियाः २५
२२. भ्रातुः २६
२३. भर्तुः २७
२४. पुत्रस्य २७
२५. शिष्यस्य २८
२६. मित्रस्य २९
२७. साधारणप्रशस्तयः २९

अनुवाद भाग ३५–६२

२८. पण्डितलाई ४४
२९. राजालाई ४५
३०. वैश्यलाई ४७
३१ शूद्रलाई ४८
३२. गुरुलाई ४९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३३. संन्यासीलाई ५०
३४. वैष्णवलाई ५०
३५. कविलाई ५१
३६. ज्योतिषीलाई ५२
३७. बाबुलाई ५३
३८. आमालाई ५४
३९. पत्नीलाई ५५
४०. दाइ-भाइलाई ५५
४१. पतिलाई ५६
४२. छोरालाई ५७
४३. चेलालाई ५८
४४. साथीलाई ५८
४५. साधारण प्रशस्तिहरू ५९
४६. अनुक्रमणिका १०७–१०९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वक्तव्य

उन्नाइसौं शताब्दीका नेपालका राजपण्डित वाणीविलास-द्वारा रचित प्रस्तुत पुस्तक साहित्यिक र इतिहासकारका लागि समान महत्व राख्दछ । पं. वाणीविलासको व्यक्तिगत नाम जति कर्णप्रिय छ उनको कृति पनि उत्ति नै उच्च कोटिको छ । उनको कल्पनाशक्ति, मानसिक र बौद्धिक प्रखरता र भाषाको ज्ञान आज पनि हामी सबैको लागि गौरवको विषय भएको छ । यस सन्दर्भमा उनैद्वारा रचित वाग्मतीको भीमसेन थापाको स्तम्भलेखले उनको यस विशेषताको सम्झना गराउँछ । पं. वाणीविलासद्वारा रचित ग्रंन्थसंख्या धेरै भए तापनि यसमा जनसाधारणको प्रशस्त अभिरुचिको अभिवृद्धि गर्न आवश्यकता कायम नै छ । यस सम्बन्धमा अझ बढी खोज गर्न र अनुसन्धानको प्रक्रियालाई तीव्रतर पार्ने प्रयासलाई प्राथमिकता दिइनु वेश हुनेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस रचनामा श्री ५ द्रव्य शाहदेखि श्री ५ रणबहादुर शाह-सम्मको केही ऐतिहासिक सूचनाहरू पनि प्राप्य छन् । साथै राजा, ब्राह्मण, वैश्य, शूद्र, गुरु, संन्यासी, वैष्णव, कवि, ज्योतिषी, आमा,बाबु, पत्नी, दाजु-भाई, पति, छोरा, चेला, साथीलाई चिट्ठी लेख्दा लेख्ने शिर बेहोरा पनि दिएका छन् ।

श्रीनयनाथले संस्कृतमा लेखिएको यस पुस्तकको सम्पादन निकै योग्यतापूर्वक गर्नुभएको छ । नेपालीमा अनुवाद, ग्रन्थ-कार परिचय, ग्रन्थरचनाहेतु,ग्रन्थ रचनासमय, ऐतिहासिक सार आदि विविध पक्षको व्याख्या निकै उपयोगी ढङ्गमा प्रस्तुत गर्नु भएको देखिन्छ । पं. वाणीविलासको यो रचना एउटा सानो कृतिका रूपमा देखा परेतापनि यसको व्यक्तित्वको विशालता असीमित छ । अन्तमा म पुरातत्व विभाग नेपाल राष्ट्रिय पुस्तकालयका परिश्रमी सहयोगीहरूलाई र छापाखानालाई समेत हार्दिक धन्यवाद प्रेषित गर्दछु ।

रमेश जङ्ग थापा

२०२२।१।१ निर्देशक

श्री ५ को सरकार, पुरातत्व विभाग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रस्तावना

राष्ट्रिय पुस्तकालयमा विभिन्न भाषा तथा विषयका प्राचीन र आधुनिक मुद्रित ग्रन्थको साथै बहुमूल्य अप्रकाशित हस्तलिखित कृतिहरूको संग्रह भएकोले सर्वसाधारण जनतालाई अध्ययन सुलभ गराउने हेतुले जन–पुस्तकालयको रूपमा यस पुस्तकालयले गरेको सेवा सर्वविदितै छ। यतिमात्र नभै आफ्ना साधनले भ्याएसम्म अप्रकाशित कृतिहरूको संपादन तथा प्रकाशन गरेर पुस्तकालयमा सीमित रहेको विषयवस्तु सबै कुनाकाप्चाका पाठकवर्गलाई सुलभ गराउने चेष्टा गर्दै आएको कुरा पनि सहृदय पाठकवर्गलाई ज्ञातै छ। यस क्रममा सीमित मात्रामा केही प्रकाशन र सूची-निर्माणको काम भैसकेको छ।

पुस्तकालयमा अप्रकाशित कृतिहरूको विशाल भण्डार भएको र साधन तथा स्टाफको क्षमतालाई दृष्टिपटलमा राख्दा एकै पटक धेरै कृतिहरूको प्रकाशन सम्भव नभएकोले ऐतिहासिक,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामाजिक र साहित्यिक कृतिहरूलाई ग्राह्यता दिएर प्रकाशन गर्दै लैजाने पुस्तकालयको अठोट अनुसार ऐतिहासिक तथा साहित्यिक पक्षबाट यसको चुनाव गरिएको हो । श्रीभीमसेन थापाका समयका प्रसिद्ध पण्डित वाणीविलासद्वारा लिखित प्रस्तुत पुस्तकमा श्री ५ द्रव्य शाहदेखि श्री ५ रणबहादुर शाह सम्मको वंशावलीको राम्रो वर्णन तथा प्रशस्तिको साथै नेपाली समाजका विभिन्न जाति र सम्बन्धीहरूलाई पत्र लेख्ने शिर बेहोरा पनि दिइएको छ । यस कृतिको परिचय तथा महत्वको मूल्यांकन श्रीनिर्देशकज्यूको सारगर्भित पदावलीमा व्यक्त भैसकेको र पुस्तकसम्बन्धी विस्तृत जानकारी दिने चेष्टा सम्पादकको लेखभित्र नै परिसकेकोले मलाई अधिक भन्नु केही छैन ।

पुस्तकालयबाट हालसम्म प्रकाशनमा ल्याइएका पुस्तक र सूचिहरू मध्ये "भाषा वंशावली" बाहेक अन्य सबै संस्कृत भाषामा भएकाले उक्त भाषा देवभाषा भएतापनि सर्वसाधारणलाई बुझ्न कठिन हुने हुँदा यस पुस्तकमा त्यस कुराको विशेष ध्यान राखिएको छ । यसको मूल भागलाई जस्ताको तस्तै नै राखेर नेपालीमा अनुवाद, ग्रन्थकारपरिचय, ग्रन्थरचनाहेतु, ग्रन्थ रचना समय, ऐतिहासिक सार आदि विविध पक्षको व्याख्याद्वारा यथाशक्य उपयोगी र बुझ्न सरल बनाउने चेष्टा गरिएको छ ।

२०२२ सालको नव वर्ष दिवसको शुभ अवसरमा यो सानो कृति भए पनि पाठकवर्गसमक्ष राख्न पाउँदा पुस्तकालयलाई हर्ष लाग्नु स्वाभाविकै हो । आशा छ, विज्ञ तथा सहृदय पाठक-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्गले यसको उचित मूल्यांकन गरी पुस्तकालयको उत्साह बढाउनुहुनेछ र यसमा हुन गएका त्रुटिहरूको सूचना दिनु झै आगामी प्रकाशनहरूमा सुधार गर्ने अवसर दिनुहुनेछ । यस प्रकारको सूचना तथा सुझावहरूको पुस्तकालयले सदैव स्वागत गर्नेछ र सहयोगका निमित्त आभारी रहने छ ।

अन्त्यमा पुस्तकालयका सबै सहयोगी साथीहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु र यस पुस्तकको सम्पादनमा तनमनसाथ परिश्रम गर्ने लेखक श्रीनयनाथ पौडेललाई विशेष धन्यवाद दिन्छु । श्रीपौडेलले यसभन्दा पूर्व "भाषा वंशावली, प्रथम भाग" को सम्पादन गरिसक्नुभएको छ र प्रस्तुत पुस्तक उहाँको दोस्रो प्रयास हो । लेखक जस्तो निम्नस्तरको पदमा आसीन भएर पनि ठूलो उत्साहपूर्वक संस्कृत मूलबाट टीकासहित विभिन्न पक्षको व्याख्याद्वारा पुस्तकलाई निकै रोचक बनाउने प्रयास गरेर नेपाल राष्ट्रिय पुस्तकालयको छोटो इतिहासमा एउटा नयाँ पाना थपिदिनुभएको छ । आशा छ, सबैबाट निजको उत्साह बढाउने काम हुनेछ र पुस्तकालयले निकट भविष्यमा उहाँबाट अझ बढी देन पाउने छ ।

सिंहदरबार, नारायणप्रसाद शर्मा

काठमाडौं, नेपाल । अध्यक्ष

मिति १ वैशाख, २०२२. नेपाल राष्ट्रिय पुस्तकालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपोद्घात

ग्रन्थपरिचय

नेपाल राष्ट्रिय पुस्तकालयमा 'प्रशस्ति–रत्नावलि' नामक हस्तलिखित पुस्तकका तीन प्रति छन् । ती तीन प्रति ३४९५, ३४९६, ३४९७ हस्तलिखित संख्याका हुन् ।

३४९५ संख्याको पुस्तकमा जम्मा १७ पत्र छन् । यी पत्र १४ अंगुल लम्बा र ७ अंगुल चौडा छन् । नेपाली पाको कागतमा देवनागरी लिपिले लेख लेखिएको छ । प्रत्येक पत्रमा एकातिर हरिताल लाइएको छ । पहिलो र अन्तिम पत्रमा चाहिं एकातिर मात्र लेखिएको छ । अन्यत्र दुवैतर्फ भरी लेख छ । यहाँ एक पृष्ठमा ७ पंक्ति लेखिएका छन् । अन्तिम पृष्ठमा मात्र ४ पंक्ति लेखिएका छन् । यो पुस्तक मोटो राम्रो टाँकाको अक्षरले लेखिएको छ । यहाँ यस पुस्तकलाई 'प्र' नाम राखिएको छ ।

यस प्रतिको अन्त्यमा "श्री शाके १७०६ शुभम्" भनी लेखिएको छ । यताबाट यो प्रतिचाहिं शक सं. १७०६ वि.सं. १८४१ मा सारिएको देखिन्छ ।

३४९६ संख्याको पुस्तकमा जम्मा १३ पत्र छन् । यी पत्र १३ अंगुल लामा र ७ अंगुल चौडा छन् । नेपाली पाको कागतमा देवनागरी लिपिले लेख लेखिएको छ । प्रत्येक पत्रमा एकातिर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरिताल लाइएको छ। पहिलो पत्रमा एकातिर मात्र लेख लेखिएको छ। अन्तिम पृष्ठमा पछिबाट अर्कै अक्षरले ३ पंक्ति लेखिएको छ। अन्यत्र दुवैतर्फ भरी लेख छ। यहाँ चौथो पत्रको दोस्रो पृष्ठमा ९ पंक्ति लेखिएका छन्। अन्तिम पत्रको पहिलो पृष्ठमा ७ पंक्ति लेखिएका छन्। अरू सबै पृष्ठमा ८ पंक्ति लेखिएका छन्। यहाँ यस पुस्तकलाई 'अ' नाम राखिएको छ।

यस प्रतिमा "प्रशस्तिरत्नावलिः समाप्ता" भनिसकेपछि अरू दुइ श्लोक दिइएका छन्। मूल पुस्तकको समाप्तिपछि दिइएका हुँदा यी श्लोक मूल पुस्तकसंग सम्बद्ध होइन होलान् भनी मूल छाप्दा छोडिएको थियो। पछि अर्थ विचार गर्दा चिट्ठी लेख्ने काइदासँग पनि सम्बद्ध भएको देखिएकोले यी दुइ श्लोक ग्रन्थकारकै पछि थपिएका श्लोक हुन् कि, जस्तो देखिन्छ।

ती दुइ श्लोक यी हुन् –

यस्योद्यत्करवालकालभुजगं दृष्ट्वैव भीतारयो
धावन्ते युधि युद्धकर्मणि परं किं वर्णयामो वयम्।
वादे शास्त्रगताखिलार्थचतुरः श्रीकृष्णसाहोजय–
च्छ्रीविद्वन्मणिनायको विजयते श्रीकृष्ण (ए) वाधुना ॥१॥
पत्राणां बिबुधा विदन्तु सततं संलेखने गौरवात्
सिद्धः साध्यसुसिद्धकावरिरिति प्रत्येकपङ्क्तौ फलम्।
सिद्धे ज्ञेयमथो मनोभिलषिता सिद्धिः सुसिद्धे तथा
साध्ये चैवमरौ भवेदरिभयं पत्रीति संप्रेष्यते ॥२॥ शुभम् ॥

(जसले उज्याएको तरबाररूपी कालसर्पलाई देखेर डरा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एका शत्रुहरू लडाइँबाट भागाभाग गर्छन् । ह्मी के वर्णन गरौं । सबै शास्त्रको रहस्य बुझेका जसले वादविवादमा विजय गर्नुभयो । विद्वान् उहाँ श्रीकृष्ण शाह साक्षात् श्रीकृष्ण जस्तै ठूला हुनुहुन्छ ॥१॥

जसरी मन्त्र सुनाउँदा सिद्ध, साध्य, सुसिद्ध, अरि यी चार कुराको विचार राख्नु पर्छ, त्यसै गरी चिट्ठी लेख्दा पनि विद्वान्ले यी चार कुराको विचार राख्नू । सिद्ध र सुसिद्ध परेका छन् भने आफूले भनेको कुरा पुग्छ । साध्य र अरि परेका छन् भने शत्रुको डर हुन्छ ।)

अन्त्यमा यो प्रति सारिएको मिति यसरी दिइएको छ–
शैलाब्धिस्वरभूशाके युग्मेऽर्के कुजवासरे ।
विरूपाक्षाय विदुषे लिखितं प्रशस्त्यावलिः ॥

(शक संवत् १७४७ (वि.सं. १८८२) आषाढ महीना मङ्गलवारका दिन विरूपाक्ष विद्वान्को लागि यो प्रशस्तिरत्नावलि सारियो ।)

यताबाट यो प्रति वि.सं. १८८२ मा सारिएको देखिन्छ ।

३४६७ संख्याको पुस्तकमा जम्मा १२ पत्र छन् । यी पत्र १४ अंगुल लामा र ६ अंगुल चौडा छन् । नेपाली पाको कागतमा देवनागरी लिपिले लेख लेखिएको छ । प्रत्येक पत्रमा एकातिर हरिताल लाइएको छ । पहिलो पत्रमा एकातिर मात्र लेखिएको छ । अरू सबै पत्रमा दुवैतर्फ भरी लेख छ । दोस्रो पत्रको पछिल्लो पृष्ठमा र अन्तिम पृष्ठमा ८ पंक्ति लेखिएका छन् । अरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै पृष्ठमा ७ पंक्ति लेखिएका छन् । यहाँ यस पुस्तकलाई 'क' नाम राखिएको छ ।

यस प्रतिको अन्त्यमा केही नलेखिएको हुँदा यो प्रति सारिएको मिति थाहा हुन सकेको छैन ।

वीर पुस्तकालयको हस्तलिखित ग्रन्थसंख्या ते. १२६ मा 'प्रशस्तिरत्नावलि' को अर्को प्रति पुस्तक छ । यस प्रतिमा जम्मा १३ पत्र छन्, यी पत्र १३ अंगुल लामा र ७ अंगुल चौडा छन् । नेपाली पाको कागतमा देवनागरी लिपिले लेख लेखिएको छ । प्रत्येक पत्रमा एकातिर हरिताल लाइएको छ । पहिलो र अन्तिम पत्रमाचाहिं एकातिर मात्र लेखिएको छ । अन्यत्र दुवैतर्फ भरी लेख छ । यहाँ सबै पृष्ठमा ७ पंक्ति लेखिएका छन् । यो पुस्तक मोटो राम्रो टाँकाको अक्षरले लेखिएको छ । यहाँ यस पुस्तकलाई 'च' नाम राखिएको छ ।

यस प्रतिको अन्त्यमा केही नलेखिएको हुँदा यो प्रति सारिएको मिति थाहा हुन सकेको छैन ।

सन्धि आदिमा अलि अशुद्धि लेखिएको हुँदा यी चारै प्रति कुशल पण्डितले सारे जस्तो देखिंदैन ।

यस पुस्तकको कुनै प्रतिमा पनि डिको छुट्ट्याइएको छैन, तथा श्लोकका पाउ पाउ मिलाई श्लोक लेखिएका छैनन् । पाठकहरूलाई पढ्नाको सुबिधाको लागि डिको छुट्ट्याई पंक्ति मिलाई सम्पादन गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस पुस्तकको सबै प्रतिमा पहिलेदेखि वंशावलीको भागसम्म एक संख्या र प्रशस्तिको उठानदेखि नसिद्धिउञ्जेलसम्म अर्को गरी दुइ थरी संख्या दिइएका छन् । यहाँ अनुक्रमणिका राख्दा सजिलो होओस् भनी आदिदेखि अन्त्यसम्म एकै संख्या राखिएको छ ।

यस पुस्तकमा मुख्य गरी पण्डित, राजा, वैश्य, शूद्र, गुरु, संन्यासी, वैष्णव, कवि, ज्योतिषी, बाबु, आमा , पत्नी, दाइ-भाइ-पति, छोरा, चेला, साथीलाई चिट्ठी लेख्दा लेख्ने प्रशस्ति लेखिएका छन् र अरू साधारण ४ वटा प्रशस्ति पनि लेखिएका छन् ।

ग्रन्थकारपरिचय

छिन्न–भिन्न भएर पचास जति साना–साना टुक्रामा बाँडिएको यस नेपाल राज्यलाई श्री ५ पृथ्वीनारायण शाहले आफ्नो ३२ वर्षको कठोर परिश्रमबाट एक पार्ने ज़ग बसाएर गएका हुन् भन्ने कुरा नेपालको इतिहासमा अलिकति ज्ञान भएको मानिसलाई थाहा भएकै छ ।

पृथ्वीनारायणको विजययात्राको असर नेपालको विभिन्न विषयमा परेको थियो । नेपाली विद्वान्हरूको कलममा पनि नयाँ मोड आउन थालेको थियो । त्यसैको फलस्वरूप लक्ष्मण, ललितावल्लभ, वाणीविलास, शक्तिवल्लभ, लक्ष्मीपति आदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्वान्हरू जन्मे◇। यी विद्वान्हरूको रचनालाई खोजी तिनलाई प्रकाशित गरी जनताको सामु ल्याइदिनु हामी नेपालीको कर्तव्य हुन आएको छ ।

कान्तिपुरदेखि २६ कोस जति पश्चिम उत्तरमा तनहुँ पर्छ । तनहुँ पं. वाणीविलास पाँडेको पूर्वपुरुषको थलो हो ।

वाणीविलासका पितामह राजीवलोचनले 'रामप्रबन्ध' पुस्तकमा आफ्नो वंशावली लेखेका छन् । त्यसबाट वाणीविलासको पुर्खाको विषयमा केही कुरा जान्न सकिन्छ । त्यहाँ लेखिएको वंशावलीको भाग यस प्रकारको छ–

मद्वृद्धः प्रपितामहोऽर्ज्जुनः
तत्पुत्रः प्रपितामहः
कृष्णः कृष्णविदात्मवानखिलवित् कल्याणमालप्रियो
रेखाभूतसमुद्रगामिपरिखाक्ष्माभृत्सखो ।।४।।
तत्सूनुः लक्ष्मणः
तातो मे प्राप्तपुत्रः प्रथमत इतवान्नारसिंहि दरीं सः ।
लक्ष्मीवर्द्धार्य आर्याश्रितपदकमलः साहमल्लस्वशिष्यः।।
गौरीश्वर इति
मदग्रजनुः गोकुलविलासः

◇यस विषयमा विशेष कुरा पूर्णिमा २ अंकमा प्रकाशित दिनेशराज पन्तको "नेपाल राज्यको एकीकरणको फलस्वरूप विद्वानहरूको दृष्टिकोणमा आएको अन्तर" भन्ने लेखमा पढ्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यमा यस्तो लेखिएको छ–

इति श्रीमद्‌गौरीश्वरात्मजराजीवलोचनपण्डितनिर्मितः रामप्रबन्धः समाप्तः

(मेरा वृद्ध प्रपितामह (बाजेका बाजे) अर्जुन हुनुभयो । उहाँका छोरा मेरा प्रपितामह (बाजेका बाबु) कृष्णका भक्त, आत्मज्ञानी, विद्वान्, कल्याणमालका मन परेका साथी, टाढा टाढासम्मका राजाहरूसंग मित्रता भएका, कृष्ण हुनुभयो ।

उहाँका छोरा लक्ष्मण हुनुभयो । मेरा पिता गौरीश्वर छोरो पाएपछि नरसिंह गुफामा पस्नुभयो । भगवतीको उहाँले सेवा गर्नुभयो । उहाँका चेलाहरू शाह र मल्ल छन् ।

मेरा दाजु गोकुलविलास हुनुभयो ।

गौरीश्वरका छोरा पण्डित राजीवलोचनले बनाएको रामप्रबन्ध सिद्धियो ।)

यताबाट अर्जुनदेखि गौरीश्वरका छोरा गोकुलविलास तथा राजीवलोचनसम्मको छोटो परिचय पाइन्छ ।

गौरीश्वरका अर्का छोरा जगन्निवास हुन् भन्ने कुरा उनले बनाएको 'नरभूपालसाहोल्लासिकं स्तोत्रम्' नामक पुस्तकको अन्त्यमा लेखिएको छ । सो यस प्रकारको छ–

" इति श्रीगौरीश्वरसूनूश्रीगोकुलविलासाग्रजलब्धविद्याप्रसादजगन्निवासविरचितं ... ... श्रीनरभूपालसाहोल्लासिकं स्तोत्रमिदम्"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(गौरीश्वरका छोरा दाजु गोकुलविलाससँग पढेका, जगन्निवासले बनाएको श्रीनरभूपालसाहोल्लासिक स्तोत्र सिद्धियो)

यज्ञेश्वर, चन्द्रचूड, रामाराम पनि गौरीश्वरका छोरा हुन् भन्ने कुरा गोर्षावंशावलीमा लेखिएको छ❀ ।

पं. वाणीविलासले वाणीविलास–सिद्धान्तमा आफ्नो भाइ छोरासम्मको वंशावली लेखेका छन्,◇ सो यस प्रकारको छ–

श्रीमत्काश्यपगोत्रसद्‌गुणपयोराशेः कलानां निधिः
श्रीगौरीश्वरपण्डितोऽजनि जनाज्ञानान्धकारापहः ॥ ॥
विद्वन्मण्डलमण्डनस्य नितरां गौरीगुरोर्गह्वरे
गौरीसेवनतो दिशो दश यशोवासोभिराशोभिताः ॥४॥
योभूद्भूमिभृतां गुरुर्गुरुतपोराशिश्चतुर्विंशतेः । ॥५॥
राजीवलोचनबुधोऽस्य सुतो बभूव ॥५॥
तस्याभूत्तनयोऽथ रामहृदयो लोकोदयोद्यन्मति-
र्दीनानाथदयोऽत्र गोशततुलाधान्याद्रिदानादिकृत् ।
शास्त्राम्भोनिधिपारगो गुणमणिग्रामाभिरामो महा-
धामा स्वीयकुलेष्टदैवतपुरश्चर्याभिराप्तोदयः ॥७॥
तत्पत्नी गुणशालिनी सुरधुनीनीरामला पावनी
नाम्ना रामरता बभूव जननीवापन्नसंपालिनी ॥८॥

❀गोर्षावंशावली १३४ पृष्ठ हेर्नुहोस् ।

◇पूर्णिमा २ अंकमा वाणीविलास-सिद्धान्तको परिचयको साथै वंशावलीको भाग पनि प्रकाशित भएको छ । यहाँ उद्‌धृत गरिएको भाग उतैबाट झिकिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्यां पण्डितवर्यरामहृदयश्शीलेन लोकप्रियो
दाता साधुरुदारधीरजनयत्पुत्रावसाधारणौ ।
ज्यायाँस्तत्सुतयोर्गुणावलियुतो वाणीविलासाभिधो
मातापित्रतिसेवनैकनिरतः श्रीवाग्विलासोनुजः ।
यस्य प्राणसमो निजानुजसुतो गौरीविलासाभिध–
स्तद्वद्ब्रह्मविलास औरसवरो विद्याविलासो ऽपरः ।।
एतैरद्भुतबुद्धिवैभवयुतैर्भक्तैर्विनीतैः सुतैः
संप्रीतो ऽत्र विभाति कान्तिनगरे वाणीविलासो बुधः ।।१०।।

(समुद्रमा चन्द्रमा झैं काश्यप गोत्रमा जन्मेका, मानिस-हरूको अज्ञानरूपी अन्धकारलाई हटाइदिने श्रीगौरीश्वर पण्डित हुनुभयो । ठूला विद्वान् उहाँले हिमालयको गुफामा भगवतीको आराधना गर्नुभएको हुनाले उहाँको यश चारै-तिर फैलियो ।।५।।

उहाँका छोरा राजीवलोचन पण्डित हुनुभयो ।।६।।

उहाँका छोरा संसारको भलो गर्न मन लाउने; दुःखी अनाथमाथि दया गर्ने; सय गाइ, तुलादान, धान्यपर्वत आदि दान गर्ने; शास्त्रमा पारंगत भएका; गुणी; तेजिला; आफ्नो कुलदेवता र इष्टदेवताको पुरश्चरण गर्नाले उन्नति भएका रामहृदय पण्डित हुनुभयो ।।७।।

उहाँकी पत्नी; गुण भएकी; गंगाजीको जल जस्तै पवित्र भएकी; आमाले जस्तै दुःखीहरूलाई पालना गर्ने रामरता हुनुभयो ।।८।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शील स्वभावले गर्दा सबैका प्यारा; दानी; असल; उदार बुद्धि भएका रामहृदय पण्डितले उहाँ रामरताबाट असाधारण दुइ छोरा जन्माउनुभयो । तिनमा जेठा गुणी वाणीविलास भए । कान्छाचाहिं मातापिताको सेवामा लागेका वाग्विलास भए ॥९॥

जसका (वाणीविलासका) भाइका छोरा गौरीविलास प्राणजस्ता प्यारा छन् । त्यस्तै प्यारा आफना जेठा छोरा ब्रह्मविलास तथा अर्का छोरा विद्याविलास छन् । गजबको बुद्धि भएका; पढेगुनेका; भनेको मान्ने यी तीन छोराहरूको सहवासले प्रसन्न भएका वाणीविलास पण्डित कान्तिपुरमा बसिरहेछन् ॥१०॥)

पं. वाणीविलासका चारवटी पत्नी थिए । जेठी तारा-लक्ष्मीपट्टि ज्योतिर्विलास, उज्वलविलास, ज्ञानविलास, विश्वेश्वरविलास नामका चार छोरा थिए । माहिली वाणी-प्रियापट्टि ब्रह्मविलास, विद्याविलास, जगद्विलास, ऋद्धिविलास नामका चार छोरा थिए । साँहिली र कान्छीका सन्तान थिएनन् । ◊

◊ नाष्टर मेरुनाथ पाँडेको संग्रहमा रहेको कागतबाट यो कुरो थाहा भएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी अहिलेसम्म पाइएका यी प्रमाणहरूका आधारमा वाणीविलासको वंशवृक्ष यस प्रकारको देखिन्छ–

अर्जुन
।
कृष्ण
।
लक्ष्मण
।
गौरीश्वर

गोकुलविलास राजीवलोचन जगन्निवास यज्ञेश्वर चन्द्रचूड रामाराम

रामहृदय + रामरता

वाणीविलास + तारालक्ष्मी, वाणीप्रिया वाग्विलास
गौरीविलास

ज्योतिर्विलास उज्वलविलास ज्ञानविलास विश्वेश्वरविलास

ब्रह्मविलास विद्याविलास जगद्विलास ऋद्धिविलास

वाणीविलासका पुर्खा अर्जुन, कृष्ण, लक्ष्मणको योग्यताको बारेमा उनीहरूका कृति नपाइएकोले थाहा भएको छैन।

वाणीविलासका प्रपितामह गौरीश्वर पाँडे तनहुँका सेन राजाका गुरु हुन। नरभूपाल शाहको आफ्नो मावली

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तनहुँमै जन्म भएको थियो । गौरीश्वरले तनहुँमै नरभूपाल शाहको नामकरणादि गरेका थिए । पछि नरभूपाल शाहलाई तनहुँबाट ल्याई गोरखामा राजा बनाउने काममा गौरीश्वर पाँडेले सहायता गरेथे○ । त्यसै हुँदा गौरीश्वर पाँडे नरभूपाल शाहलाई दीक्षा गायत्री मन्त्र सुनाई राजगुरु हुन पुगे■ ।

नरभूपाल शाहले नेपाल उपत्यकाको भोग हवस् भनी पुरश्चरण गरेका थिए । त्यसमा गौरीश्वर मुख्य कार्यकर्ता थिए । यस पुरश्चरणमा गौरीश्वरले आफ्ना जेठा छोरा गोकुलविलासलाई नेपाल उपत्यकाका गुह्येश्वरी आदि देवता-को पूजाको निमित्त पठाएका थिए❀ ।

पछि गुरुज्यू हर्षमिश्रले पृथ्वीनारायण शाहलाई गायत्री दीक्षा मन्त्र सुनाए । यसमा गौरीश्वरले विरोध गरे, तर नरभूपाल शाहले थामथुम पारी राखे◇ ।

यसरी गौरीश्वर पाँडे नरभूपाल शाहदेखि पृथ्वीनारायण शाहसम्मको राजकाजमा हात हालेका प्रतिष्ठित पुरुष देखिन्छन् ।

गौरीश्वर पाँडेको ९ श्लोकको 'भुवनेश्वरीस्तव' नामको स्तोत्र वीरपुस्तकालयमा छ । यताबाट गौरीश्वर संस्कृतमा

○गोर्षावंशावली ९४-९५ पृष्ठ हेर्नुहोस् ।

■गोर्षावंशावली १०२ पृष्ठ हेर्नुहोस् ।

❀गोर्षावंशावली ११५-१६ पृष्ठ हेर्नुहोस् ।

◇गोर्षावंशावली १२७-२८ पृष्ठ हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखपढ गर्न सक्थे भन्ने थाहा पाइन्छ❋ ।

वृद्धावस्थामा गौरीश्वरले काशीवास गर्न जान्छु भनी राजासंग विदा मागे । नरभूपाल शाहले पनि खर्च-बर्च दिई गौरीश्वर पण्डितलाई विदा दिए◇ ।

गौरीश्वरका जेठा छोरा गोकुलविलास पनि त्यस समयमा प्रतिष्ठित पुरुष देखिन्छन् । गोकुलविलासले पनि

❋त्यस स्तोत्रको अन्त्यमा यस्तो लेखिएको छ–

गौरीश्वरेण घटितो झटिति त्वदीयो
मातस्तवोयममलो भवतान्मुदे ते ।
एतत्प्रपाठकजनाय सुभाविने त्वं
विद्यां धनं सुततर्ति सुखमाशु देहि ।।६।।

इति गौरीश्वरमहापण्डितविरचितो भुवनेश्वरीस्तवः समाप्तः शुभम

(हे देवी ! गौरीश्वरले छिटो छिटो बनाएको हजूरको यो पवित्र स्तुतिले हजूरलाई प्रसन्न पारोस् । भक्तिपूर्वक यो स्तोत्र पाठ गर्ने मान्छेलाई हजूर विद्या धन सन्तान सुख दिनुहोस् महापण्डित गौरीश्वरले बनाएको भुवनेश्वरीस्तव सिद्धियो ।)

◇गीर्वाणवाङ्मय [illegible] पृष्ठ हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नरभूपाल शाहलाई भगवतीको मन्त्र सुनाएका थिए[redacted]। पाटनकी (बस्ती जिल्लाकी) भगवतीको आराधना गरी राजगुरु गोकुलविलासले नरभूपाल शाह राजालाई असल छोरो पाउने वरदान दिलाएका थिए भन्ने कुरा पृथ्वीन्द्रवर्णोदयमा

[redacted]पृथ्वीन्द्रवर्णोदयमा "गोकुलविलासले नरभूपाल शाहलाई मन्त्र सुनाए" भनी यसरी लेखिएको छ--

स श्रीदेवतनुस्सदाशिवतनोर्गौरीश्वरस्यात्मजा-
च्छ्रीमद्गोकुलवद्विलासविलसन्नाम्नः प्रसन्नात्मनः ।
संसारैकगुरुश्च सन् स्वयमहो लोकोपदेशाय वै
जग्राहाखिलसिद्धिदं किल महाविद्यामनुं सद्विधेः ॥१२॥

(पृथ्वीन्द्रवर्णोदय १ सर्गबाट)

(जगदीश्वरका अवतार भएका उहाँ नरभूपालले स्वयं सारा संसारका गुरु भएर पनि दुनियाँलाई उपदेश दिन गौरीश्वरका छोरा, सफा मन भएका, विधिविधान जान्ने, पुण्यात्मा गोकुलविलासबाट सिद्धि दिने भगवतीको मन्त्र सुन्नुभयो)

(पृथ्वीनारायण शाहको उपदेश ४५२ पृष्ठबाट । यो ग्रन्थ प्रकाशित हुँदैछ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखिएको छ❋ ।

गोकुलविलासको एउटा पनि कृति नपाइएको हुँदा उनको योग्यताको विषयमा केही भन्न सकिदैन ।

राजीवलोचनको १६३ श्लोकको 'रामप्रबन्ध' तथा १७ श्लोकको 'आशीर्वादावली' नामका दुइ कृति पाइएका छन्✧ । रामप्रबन्धमा उनले आफ्नो वंशवर्णन लेखेका छन् सो माथि परिसकेकोछ । यताबाट राजीवलोचन संस्कृतमा लेखपढ गर्न सक्थे भन्ने देखिन्छ ।

जगन्निवासले बनाएको ९ श्लोकको "नरभूपालसाहोल्लासिकं स्तोत्रम्" भन्ने स्तोत्र पाइएको छ ○। यताबाट जगन्निवास पनि संस्कृतमा लेखपढ गर्न सक्थे भन्ने थाहा पाइन्छ ।

❋श्रीभूपालगुरुः स गोकुलविलासः प्राणजिद् ब्रह्मविद्
राजानं हि निजानुरूपतनयाभीप्सुं विदित्वात्मवान् ।
देवीं पाटनभूमिपीठलसितां तां सर्वविद्यात्मिका-
माराध्याधिपतेस्सुनन्दनवरं क्लृप्त्वाप मोक्षास्पदम् ॥१४॥

(पृथ्वीन्द्रवर्णोदय १ सर्गबाट)

(योगमा लागेका आत्मज्ञानी राजगुरु गोकुलविलासले राजाले आफू सुहाउँदो छोरो पाउने विचार गरेको बुझेर पाटनकी (बस्ती जिल्लाकी) प्रसिद्ध पीठकी विद्यास्वरूप भगवतीको आराधना गरी राजाका लागि असल छोरो पाउने बरदान पाउनुभयो । यसपछि गोकुलविलास स्वर्ग हुनुभयो ॥१४॥)

(पृथ्वीनारायण शाहको उपदेश ४५३ पृष्ठबाट)

✧ती दुवै पुस्तक नेपाल राष्ट्रिय पुस्तकालयमा छन् ।

○यो स्तोत्र वीर पुस्तकालयमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गौरीश्वरका अरू छोराहरूको कृति पाइएको छैन । वाणी-विलासका पिता रामहृदय पनि पृथ्वीनारायण शाहको समयमा प्रतिष्ठित पुरुष देखिन्छन् । प्रतापसिंह शाहले बालाज्यूमा कवि-सम्मेलन गरेका थिए । त्यसमा रामहृदय पनि सम्मिलित थिए । ❀

रामहृदयले बनाएको कुनै पुस्तक पाइएको छैन । रामहृदय र रामरताबाट वाणीविलासको जन्म भएको हो ।

वाणीविलासले आफ्ना गुरुको विषयमा वाणीविलास-सिद्धान्तमा यस्तो लेखेका छन्–

अतीव क्षोदक्षमाः सदाचारा विद्वद्वरा अस्मद्गुरवः श्रीगङ्गा-रामशास्त्रिणोपि शाकव्रते अव्यंजनीभूतानि पक्वाम्रफलादीनि मयापि भुक्तानि व्यंजनीकृतानि आमानि आम्रफलादीनि तु नभुक्तानीत्युक्तवन्तः ॥

(शास्त्रमा खारिएका, सदाचारी, विद्वान् हाम्रा गुरु श्रीग-ङ्गाराम शास्त्री पनि "शाकव्रतमा, पाकेका आँपचाहिं मैले खाएको छु । अचार तरकारी बनाइएका काँचा आँप त मैले खाएको छैन" भनी भन्नुहुन्थ्यो ।)

यताबाट वाणीविलासका गुरु गङ्गाराम शास्त्री थिए भन्ने कुरा थाहा पाइन्छ ।

वाणीविलासको जन्म तथा मृत्यु कहिले भयो ? यस विषयमा अहिलेसम्म थाहा हुन सकेको छैन । अहिलेसम्म पाइ-

---

❀ पृथ्वीनारायण शाहको उपदेश ४७८ पृष्ठ हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

एका प्रमाणका आधारमा वाणीविलास पाँडे वि. सं. १८२७ देखि वि. सं. १८८८ सम्म देखिन्छन् । ✧

✧ कवि ललितावल्लभले वि. सं. १८२७ मा बनाएको पृथ्वीन्द्रवर्णोदयमा वाणीविलासको विषयमा यस्तो लेखिएको छ–

नारायणीयगुणरत्नमयीं निबद्धां
शुद्धां सुयुक्तिललिताग्रिमवल्लभेन ।
वाणीविलासरसविज्ञजनेप्सितां स्या-
न्नारायणोभिमतदः कलयन्सुमालाम् ।।१२।।

(पृथ्वीन्द्रवर्णोदय २ सर्गबाट)

(भगवान् नारायण अथवा पृथ्वीनारायणको गुणरूपी रत्न जडेको ललितावल्लभले काइदासंग बनाएको शुद्ध (सफा); नवरसको कुरा जान्ने वाणीविलास यद्वा विद्यारसिकहरूलाई मन पर्ने यो (काव्यको) माला स्वीकार गरेर भगवान् नारायण अथवा पृथ्वीनारायणले मनोवाञ्छा पूरा गरिदिऊन्)

यताबाट वि. सं. १८२७ मा वाणीविलास विद्वान् कहलाइ सकेका देखिन्छन् तर अरू प्रमाण नपाइएसम्म पक्का गरी भन्न सकिंदैन ।

(पूर्णिमा १ वर्ष २ अंक ३५ पृष्ठबाट)

वि. सं. १८८८ मा श्री ५ राजेन्द्रले वाणीविलासलाई खेत दिई लालमोहर गरिदिएका थिए । त्यसको केही अंश यस प्रकारको छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाणीविलास पाँडेलाई लेखपढ गर्ने काममा उनका छोरा ब्रह्मविलास, विद्याविलास र भाइका छोरा गौरीविलास सहायता गर्थे। वाणीविलास उनीहरूको कार्यदेखि सन्तुष्ट थिए। सो कुरा उनले आफैंले लेखेका छन्–

यस्य प्राणसमो निजानुजसुतो गौरीविलासाभिध-
स्तद्वद्ब्रह्मविलास औरसवरो विद्याविलासो ऽपरः।
एतैरद्भुतबुद्धिवैभवयुतैर्भक्तैर्विनीतैः सुतैः
संप्रीतोऽत्र विभाति कन्तिनगरे वाणीविलासो बुधः ॥१०॥

(वाणीविलास–सिद्धान्तबाट)

(जसका (वाणीविलासका) भाइका छोरा गौरीविलास प्राण जस्ता प्यारा छन्। त्यस्तै प्यारा आफ्ना जेठा छोरा ब्रह्मविलास तथा अर्का छोरा विद्याविलास छन्। गजबको बुद्धि भएका, पढेगुनेका, भनेको मान्ने यी तीन छोराहरूको सहवासले प्रसन्न भएका वाणीविलास पण्डित कान्तिपुरमा बसिरहेछन्।)

राजेन्द्रको प्रशस्ति– आगे वाणीविलास पाँडेके सम्वत् १८६२ साल कार्त्तिक सुदि १२ रोजका दिन श्री बाजाज्यूका हजुरमा चतुर्मासामा मार्कण्डेय र कालिकापुराण वाच्याको दक्षिणानिमित्त श्रीबाज्याज्यूका बाहुलीबाट संकल्प भयाको खेत। इति सम्वत् १८८८ साल मिति आषाढ सुदि ४ रोज ४ शुभम्

(जयतु संस्कृतम् १ वर्ष ६ अंक ८ पृष्ठबाट)

यतावाट वाणीविलास वि. सं. १८८८ सम्म जीवित थिए भन्ने देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहिलेसम्म वाणीविलासले बनाएका ९ वटा पुस्तक पाइएका छन्, ती यी हुन्– वाणीविलास-सिद्धान्त, दुर्गाकृत्यकौमुदी, पुरश्चरणप्रयोगरत्नदीपिका, वेदान्तसारसंग्रह, प्रशस्तिरत्नावलि, नवरत्नयुगलस्तोत्र, दुर्गास्तोत्र, गंगास्तोत्र, भुजंगप्रयातस्तोत्र। ■ वाणीविलास-सिद्धान्तमा ५९३ पत्र छन् । दुर्गाकृत्यकौमुदीमा २७१ पत्र छन् । पुरश्चरणप्रयोगरत्नदीपिकामा ११८ पत्र छन् । वेदान्तसारसंग्रहमा ४४ पत्र छन् । प्रशस्तिरत्नावलिमा १७ पत्र छन् । नवरत्नयुगलस्तोत्रमा ६ पत्र छन् । दुर्गास्तोत्रमा ५ पत्र छन् । गंगास्तोत्रमा ५ पत्र छन् । भुजंगप्रयातस्तोत्रमा ३ पत्र छन् ।

पृथ्वीनारायणका कान्छा छोरा बहादुर शाहसंग वाणीविलासको सम्बन्ध थियो । दुर्गाकृत्यकौमुदी नामको पुस्तक बहादुर शाहकै आज्ञाले मैले बनाएको हुँ भनी वाणीविलासले लेखेका छन् । ◇

■ यी पुस्तकहरूको परिचय पूर्णिमा १-५ अंकमा दिइएको छ। सम्पूर्ण दुर्गास्तोत्र पाँचौं अंक पूर्णिमामा प्रकाशित भएको छ।

◇ दुर्गाकृत्यकौमुदी पुस्तकको उल्लासैपिच्छे यस्तो लेखिएको छ-

"इति श्रीमन्नेपालमण्डलाधीश्वरपृथ्वीनारायणमहाराजकुमारश्रीमद्‌वहाद्दूरसाहकारिते श्रीमद्रामहृदयपण्डितसूनुवाणीविलासविरचिते दुर्गाकृत्यकौमुद्याख्ये धर्मशास्त्रे प्रथमोल्लासः"

(नेपालमण्डलका महाराजाधिराज पृथ्वीनारायण शाहका महाराजकुमार वहादुर शाहले बनाउन लाउनुभएको श्रीरामहृदय पण्डितका छोरा वाणीविलासले बनाएको "दुर्गाकृत्यकौमुदी" नाम गरेको धर्मशास्त्रमा पहिलो उल्लास सिद्धियो)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी पुस्तकबाहेक वाणीविलासका अरू पाँच कृति शिलापत्रहरू पनि छन् । ◇

यी शिलापत्रहरूमा वाग्मतीको भीमसेन थापाको वि. सं. १८६८ को शिलापत्रले वाणीविलासको संस्कृत भाषामा रहेको योग्यतालाई बताउँछ ।

◇ ती शिलापत्रहरू यस प्रकारका छन्–

१. नारायणहिटीको धौकलसिंह बस्नेतले राख्न लाएको वि. सं. १८५० को ।

२. नक्साल नन्दिकेश्वर बहालको महारानी सुवर्णप्रभाले राख्न लाएको वि. सं. १८६५ को ।

३. वाग्मतीको भीमसेन थापाले राख्न लाएको वि. सं. १८६८ को ।

४. पचलीको रानी लक्ष्मीदेवीले राख्न लाएको वि. सं. १८६८ को ।

५. पशुपति मन्दिरभित्र ढोकाको राजपुरोहित शक्तिवल्लभ अर्ज्यालका भाइ राधावल्लभ अर्ज्यालिसम्बन्धी वि. सं. १८७० को ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाणीविलास राजदरबारमा पुराण सुनाउँथे भन्ने कुरा उनले आफैंले लेखेका छन् । ○

रानी सुवर्णप्रभा र रानी लक्ष्मीदेवीकहाँ पनि वाणीविलासको आवत-जावत थियो । ❀

भीमसेन थापासंग पनि वाणीविलासको राम्रो सम्बन्ध थियो भन्ने कुरा वाग्मतीको लेखबाटैं स्पष्ट हुन्छ ।

यसरी वाणीविलास राजदरबारमा तथा भारादारहरूकहाँ सम्बन्ध भएका पुरुष देखिन्छन् ।

○ एषा भागवतार्थमन्तसमये वाणीविलासाद् बुधा-
दाकर्ण्यैव हरिं निधाय हृदये लीना परब्रह्मणि ।।९।।

श्रीकान्तिमति नाम भयाका पत्नी स्वामिनी हुनुभयो । (उहाँ) स्वामीले संग भई वाणीविलास पण्डितका मुखदेखिन् संपूर्ण श्रीभागवत पुराणका अर्थ श्रवण गरी नारायणकन हृदय–विषे राखी परम धाममा प्राप्त हुनुभयो ।

(वाग्मतीको स्तम्भलेखबाट । संपूर्ण यो अभिलेख अनुवाद-सहित त्रिरत्नसौन्दर्यगाथाको परिशिष्टमा प्रकाशित भएको छ।)

❀ वि. सं. १८६५ को नन्दिकेश्वर बहालको रानी सुवर्णप्रभाको अभिलेखको रचयिता वाणीविलास हुन् ।

वि. सं. १८६८ को पचली लक्ष्मीश्वर मन्दिरको रानी लक्ष्मीदेवीको अभिलेखको रचयिता पनि वाणीविलास हुन् ।

यताबाट रानी सुवर्णप्रभा रानी लक्ष्मीदेवीकहाँ पनि वाणी-विलासको आवत-जावत थियो भन्ने देखिन्छ ।

यी दुवै शिलापत्र अभिलेख-संग्रह बान्हौं भागमा प्रकाशित भएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाणीविलासले धर्मशास्त्रका निकै पुस्तकहरू पढेका थिए । उनले पढेका तथा हेरेका पुस्तकहरू यहाँ दिइन्छन् । ■

महाभाष्य, सिद्धान्तकौमुदी, वाणीविलासले पढेका थिए । संस्कृतमा विशुद्ध कलम चलाउन सक्ने हुँदा व्याकरण यिनलाई राम्रो उपस्थित थियो भन्ने कुरा उनका कृतिहरूले नै स्पष्ट देखाउँछन् । अमरकोश, रत्नकोश आदि कोश पनि यिनले पढेका थिए ।

कूर्मपुराण, भविष्योत्तरपुराण, विष्णुधर्मोत्तरपुराण, ब्रह्मपुराण, नन्दिपुराण, मत्स्यपुराण, देवीपुराण, वायुपुराण, स्कन्दपुराण, नारदीयपुराण, भविष्यपुराण, आदित्यपुराण, विष्णपुराण, पद्मपुराण, नरसिंहपुराण, अग्निपुराण, वराहपुराण, ब्रह्माण्डपुराण, कालिकापुराण, गरुडपुराण, आग्नेयपुराण आदि पुराणग्रन्थहरू यिनले हेरेका थिए ।

महाभारत, वाल्मीकीय रामायण, अध्यात्मरामायण पनि यिनले हेरेका थिए । कार्त्तिकमाहात्म्य, गजेन्द्रमोक्षणस्तव आदि स्तोत्र माहात्म्यहरू पनि यिनले हेरेका थिए ।

सिद्धान्तशिरोमणि आदि ज्यौतिषका पुस्तकहरू हेरेबाट यिनलाई ज्यौतिषको सामान्य ज्ञान भएको बुझिन्छ ।

■ वाणीविलासले वाणीविलास-सिद्धान्तमा उद्धरण गरेका पुस्तकहरूलाई नै यहाँ दिइएको हो । दुर्गाकृत्यकौमुदीमा पनि वाणीविलासले निकै पुस्तक उद्धरण गरेका छन् । ती उद्धरण अहिले गर्न सकिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनुस्मृति, याज्ञवल्क्यस्मृति, भृगुस्मृति, वशिष्ठस्मृति, बौधायनस्मृति, शातातपस्मृति, यमस्मृति, स्मृतिकौस्तुभ, स्मृतिसारसंग्रह, आश्वलायनसूत्र, काठकगृह्य, कालतत्त्वविवेचन, कात्यायनसूत्र, गोभिलसूत्र आदि धर्मशास्त्र कर्मकाण्ड विषयका पुस्तकहरू यिनले हेरेको बुझिन्छ।

धन्वन्तरिनिघण्टु आदि आयुर्वेदका ग्रन्थ पनि यिनले हेरेको देखिन्छ। ऋग्वेद, अथर्ववेद, सामवेद, यजुर्वेद यी चारै वेद र ऐतरेय–ब्राह्मण आदि ब्राह्मणग्रन्थ तथा बृहदारण्यकोपनिषद् आदि उपनिषद्ग्रन्थहरू पनि यिनले हेरेको बुझिन्छ।

पं. वाणीविलास पाँडे वृद्धावस्थामा काशीवास गर्न गएका थिए❋। काशीमा बस्दा उनी विद्यार्थीहरूलाई पढाएर, पुराण सुनाएर, धर्मकर्म गरेर बदस्थे। सो कुरा उनले आफैंले लेखेका छन्–

❋वाणीविलास पाँडे वृद्धावस्थामा वि. सं. १८८३ मा काशीमै थिए। सो कुरा दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले आफ्ना छोरा लीलानाथलाई वि. सं. १८८३ मा पठाएको घर खरीद विषयको पत्रबाट थाहा हुन्छ।

सो पत्र पूर्णिमा १ वर्ष ४ अंक ५२–५३ पृष्ठमा प्रकाशित भएको छ।

वृद्धावस्थामा काशी जाँदा वाणीविलास आफ्ना जीवित रहेका ४ जना छोराहरूलाई तथा आफ्नी कान्छी आमा र बुहारीहरू सबैलाई आफैले अंशबण्डा गरी गएका देखिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(जयतु संस्कृतम् १ वर्ष ६ अंक ८ पृष्ठ हेर्नुहोस्)

इत्थं वाणीविलासः सकलवसुमतीसारकाशीनिवास-
प्राप्त्या जातप्रमोदः स्वमपि वृजिनिनं मन्यमानः कृतार्थम् ।
काशी गंगा च विश्वेश्वर इह शरणं मेऽस्त्विति प्रार्थयन्स-
न्मूर्ति पश्यन् स्तुवन् सन् भुवि समुपदिशन् पाठञ्छात्रमास्ते ॥१०॥

(नवरत्नयुगलस्तोत्रबाट)

(सबै पृथ्वीको सार भएको काशीमा बस्न पाउनाले खुशी भएको, पापी भएको आफूलाई पनि भाग्यमानी संझने म वाणीविलास काशी गंगा तथा विश्वनाथ मेरा शरण होऊन् भनी प्रार्थना गर्दै, देवमूर्तिको दर्शन गर्दै, स्तुति गर्दै, उपदेश दिंदै (पुराण सुनाउँदै) पढाउँदै यहाँ (काशीमा) बसिरहेको छु ।)

ग्रन्थरचनाहेतु

चिट्ठी लेख्दा कसलाई कस्तो भाकामा लेख्नुपर्छ भन्ने कुरा साधारण पढेगुनेका मनुष्यलाई सिकाउन वाणीविलासले यो प्रशस्तिरत्नावलि बनाएका हुन् । श्री ५ पृथ्वीनारायण शाहका माहिला भाइ महोद्दामकीर्त्ति शाहका कान्छा छोरा श्रीकृष्ण शाहको आज्ञाले मैले यो ग्रन्थ बनाएको हुँ भनी वाणीविलासले लेखेका छन् जस्तै—

अज्ञोद्धारणमानसो रचयति श्रीकृष्णसाहाज्ञया
सर्वेषां च नृणां प्रशस्तिनिकरान्वाणीविलासः कवि ॥६॥

(श्रीकृष्ण शाहको आज्ञाले नजान्ने मानिसहरू पनि जानून् भनी कवि वाणीविलासले सबै किसिमका मानिसको प्रशस्ति (चिट्ठी लेख्ने विधि-सम्बोध) बनाएका हुन् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थरचनासमय

पं. वाणीविलासले यो ग्रन्थ कुन सालमा बनाएका हुन् सो ठीक थाहा हुन सकेको छैन, किनभने स्वयं वाणीविलासले ,दुर्गा-कृत्यकौमुदी' पुस्तकमा लेखेजस्तै ☐ यस प्रशस्ति-रत्नावलि पुस्तकमा यस सालमा मैले यो पुस्तक बनाएँ भनी कतैतिर केही लेखेका छैनन् ।

'प्र' प्रतिको अन्त्यमा यो पुस्तक सारिएको मिति "श्री शाके १७०६ शुभम्" भनी लेखिएको छ । यताबाट यो पुस्तक शक संवत् १७०६ वि.सं. १८४१ मा बनिसकेको स्पष्ट देखिन्छ ।

यस पुस्तकमा श्री ५ रणबहादुर शाहलाई नृपेन्द्र (ठूला राजा) भनिएको छ ।꧁ वि.सं. १८३४ मा प्रतापसिंह शाहको मृत्यु भएपछि रणबहादुर शाह गद्दीमा बसेका हुन् । ///

यसरी यो पुस्तक वि.सं. १८३४ देखि वि.सं. १८४१ सम्मको ७ वर्षभित्रको समयमा बनेको देखिन्छ ।

ऐतिहासिक सार

पं. वाणीविलासले यस प्रशस्तिरत्नावलिमा तिनताकाको अलिकता इतिहास पनि पारेका छन् । यति इतिहासले पनि नेपालको इतिहासमा चाख लिने व्यक्तिलाई सहायता गर्छ ।

☐ (पूर्णिमा तेस्रो अंकको ५३ पृष्ठ हेर्नु होस्)

꧁ १३ श्लोक हेर्नु होस् ।

/// इतिहास-संशोधनको प्रमाण-प्रमेयको २९८ पृष्ठ हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रशस्तिरत्नावलि पुस्तकको परिचयका साथसाथै यसको ऐतिहासिक भाग पनि पूर्णिमाको पहिलो अंकमा मैले प्रकाश गराइसकेको थिएँ । पाठकहरूलाई सजिलो होओस् भनी सो यहाँ दिइन्छ ।

गोरखामा द्रव्य शाह राजा भए । तिनका छोरा पूर्ण शाह राजा भए । तिनका छोरा छत्रशाह राजा भए । तिनका भाइ रामशाह राजा भए ।□ तिनका छोरा डम्बर शाह राजा भए। तिनका छोरा कृष्ण शाह राजा भए । तिनका छोरा रुद्रशाह राजा भए । तिनका छोरा पृथ्वीपति शाह राजा भए । तिनका छोरा वीरभद्र शाह भए । ◈

तिनका छोरा नरभूपाल शाह राजा भए । गौरीश्वर पण्डितले बताएको विधिअनुसार पुरश्चरण गर्दा नरभूपाल शाहले सिद्धि पाएका थिए । ●

नरभूपाल शाहका पाँच जना छोराहरू थिए । जेठा पृथ्वीनारायण शाह, माहिला महोद्दामकीर्त्ति शाह, साँहिला दलमर्दन शाह, काहिला दलजित् शाह, कान्छा शूरप्रताप शाह भए । ✤

राजा पृथ्वीनारायणले नेपाल उपत्यकाका राजाहरूलाई जिते ।

राजा पृथ्वीनारायणका दुइ छोरा भए । तिनका जेठा राजा प्रताप सिंह शाह, कान्छा बहादुर शाह थिए । ❀

□ ४ श्लोक । ◈ ६ श्लोक । ● ७ श्लोक । ✤ ८ श्लोक ।
❀ १० श्लोक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतापसिंहकी महारानी राजेन्द्रलक्ष्मी थिइन् ।❀ राजेन्द्र-लक्ष्मीबाट राजा रणबहादुर शाह पैदा भए । ●

पृथ्वीनारायणका माहिला भाइ महोद्दामकीर्त्तिकी रानी जयकुमारी हुन् । ◈ महोद्दामकीर्त्तिका पहलमान शाह, बलभद्र शाह, श्रीकृष्ण शाह नामका तीन छोरा र ❦ कलावती जयभामा भन्ने दुइटी छोरी थिए । □

पहलमान शाह धर्म-कर्ममा लागेका थिए । बलभद्र शाह र श्रीकृष्ण शाह सरकारिया उच्च पदमा थिए । ◡

बलभद्र शाह र श्रीकृष्ण शाहले शिराञ्चोकको लडाइँमा राम्ररी लडी शत्रुलाई जितेका थिए । ०

पं. वाणीविलास पाँडे र पं सुन्दरानन्द बाँडाको सम्बन्ध

उन्नाइसौं शताब्दीको नेपालका विशिष्ट ग्रन्थकारहरूमा पाटननिवासी पं. सुन्दरानन्द बाँडा पनि पर्छन् । सुन्दरानन्द र वाणीविलासको विद्वत्ता आदि कुरामा निकै नै फरक थियो भन्ने कुराको अलिकति चर्चा त्रिरत्नसौन्दर्यगाथाको उपोद्घातको "सुन्दरानन्द र वाणीविलास" भन्ने प्रकरणमा श्रीगुरु पं. नयराज पन्तले गर्नुभएको छ । ▮

❀ १२ श्लोक । ● १३ श्लोक । ◈ १४ श्लोक । ❦ १५ श्लोक ।
□ १८ श्लोक । ◡ १६ श्लोक । ० १८ श्लोक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

▮ त्रिरत्नसौन्दर्य-गाथाको ८८—९१ पृष्ठ हेर्नुहोस् ।

पं. वाणीविलासको आर्थिक स्थिति मजबूत थियो ●। पं. सुन्दरानन्दको आर्थिक स्थिति त्यत्तिको दरिलो थिएन। त्रिरत्न-सौन्दर्यगाथा पुस्तक उनले आफ्नो आर्थिक स्थिति दरिलो पार्न नै बनाएका थिए, सो कुरा उनले आफैंले लेखेका छन् ◈।

छापाखाना नभएको उस बेलाको नेपालमा पढ्ने मानिसलाई किताब खोज्न निकै गाह्रो पर्थ्यो। किताब सारी सारीकन पढ्नु पर्ने उस जमानामा आफूले किताब सार्न नभ्याएमा वा पुगिसरी आएकाले नसकेमा अरूलाई पैसा दिई दिईकन किताब सार्न लाउँथे ✽। पं. सुन्दरानन्द बाँडाले पनि पण्डित वाणीविलासको

● गल्लीमा फ्याँकिएको कसिंगर उपोद्घातको ३ पृष्ठ हेर्नुहोस्।

◈ त्रिरत्नसौन्दर्यगाथाको उपोद्घातको १०–१४ पृष्ठ हेर्नुहोस्।

✽ वि.सं. १८४४ मा दैवज्ञशिरोमणि पं. लक्ष्मीपति पाँडेले काशीमा पढ्न बसेका आफ्ना भाइ गौरीपति पाँडेलाई "पढ्ने किताब आफैं सार्नू संग्रह गर्ने किताब नराम्रो अक्षरमा भए पनि सस्तोमा सार्न लाउनू" भनी अह्राएका थिए। जस्तै–

षर्च गर्दा मुनासीब षर्च गर्नु ठूलो षर्च नगर्नु पुस्तक पन्हीं आफु लेखस्. संग्रहकन लेखी नीर्वाह हवैन. राम्रा षोज्न नलाग्नु सस्ता भावमा लेषाउनु"

(दैवज्ञ शिरोमणि लक्ष्मीपति पाँडेले काशीवास गएका आफ्ना बाबुलाई वि.सं. १८४४ मा लेखेको पत्रबाट। संग्रपूर्ण यो पत्र व्याख्यासहित ऐतिहासिकपत्र–संग्रह पहिलो भागमा प्रकाशित भएको छ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निमित्त वि.सं. १८५० मा वेददीप नामक पुस्तक सारिदिएका थिए। सुन्दरानन्द र वाणीविलासको राम्रो सम्बन्ध थियो भन्ने कुरा उक्त पुस्तकको अन्त्यमा लेखिएको यस श्लोकबाट थाहा पाइन्छ–

इति वेददीपे चत्वारिंशो ऽध्यायः ।।समाप्तोयं।।
शाके बाणौषधीशक्षितिधरविधुभिः संगते चैत्रशुक्ले
वारे ऋक्षेशसूनोर्धरणिधरसुतासत्तिथावग्निभे च ।।
विद्वद्वाणीविलासाभिधधरणिसुराज्ञासुधाजातमोदो
ग्रन्थं श्रीवेददीपाह्वयमिदमलिखत्सुन्दरानन्दनामा ।।
शुभमस्तु सर्वदा ।।

(नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको ४३११ संख्याको हस्तलिखित पुस्तक वेददीपबाट)

(शकसंवत् १७१५ (वि.सं. १८५०) चैत्र शुक्ल तृतीया कृत्तिका नक्षत्र बुधवारका दिन विद्वान् वाणीविलास ब्राह्मणको अमृत जस्तो आज्ञा पाउनाले खुशी भएका सुन्दरानन्दले यो वेददीप पुस्तक सारेका हुन्।)

यताबाट पं. वाणीविलास पाँडे र पं. सुन्दरानन्द बाँडाको राम्रो सम्बन्ध थियो, सुन्दरानन्द वाणीविलासको निमित्त पुस्तक सारिदिने काम गर्दथे भन्ने कुरा स्पष्ट हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपसंहार

पूर्णिमाको पहिलो अंकमा मैले यस पुस्तकको परिचय तथा यसमा रहेको ऐतिहासिक भाग पनि प्रकाश गरेको थिएँ। त्यत्तिबाट पनि पाठकहरूले वाणीविलासको यस कृतिको सामान्य परिचय पाइसक्नुभएको थियो।

विद्वान् वाणीविलासको सम्पूर्ण यस ग्रन्थलाई अनुवादसहित मैले सम्पादन गरेको छु, नेपाल राष्ट्रिय पुस्तकालयका अध्यक्ष नारायणप्रसाद शर्माको अध्यक्षतामा उक्त पुस्तकालयबाट सो अहिले प्रकाशित भइरहेको छ।

श्रीनिर्देशकज्यू रमेश जङ्ग थापाले वक्तव्य लेखिदिनुभई श्रीअध्यक्षज्यू नारायणप्रसाद शर्माले प्रस्तावना लेखिदिनुभई यस पुस्तकलाई अझ बढी सुसज्जित पारिदिनुभएको छ।

श्री पिताजी पं. भोलानाथ पौडेल तथा श्रीगुरु पं. धनवज्र वज्राचार्यले बीच बीचमा यसलाई सच्याइदिनुभएको छ। साथी महेशराज पन्त तथा दिनेशराज पन्तले पनि मलाई सहायता गर्नु भएको छ। उहाँहरू र यस काममा सहायता गर्ने सबै महानुभावहरूप्रति कृतज्ञता प्रकट गर्छु।

नयनाथ पौडेल

२०२२ वैशाख संक्रान्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रशस्ति–रत्नावलि

मूलभाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रशस्ति–रत्नावलि

श्रीगणेशाय नमः ॥

श्रीष्टदेवतायै नमः ॥

अविरलमदधाराभासितोत्तुङ्गगण्ड-
स्थलमधुरतरोद्यद्ध्वानगुञ्जद्द्विरेफ : ॥
भवजलनिधिमग्नाराधिलाङ्घ्रिद्वयाब्जो
गणपतिरवतु त्वां विघ्नवल्लीकुठार : ॥●

॥१॥

● यो श्लोक 'मालिनी' छन्दको हो यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ।–

न	न	म	य	य
।।।	।।।	ऽऽऽ	।ऽऽ	।ऽऽ

।।।।।।ऽऽ ऽ–। ऽ ऽ–।ऽ ऽ

ननमयययुतेयं मालिनी भोगिलोकैः ॥८४॥

(श्लोकको प्रत्येक पाउमा क्रमैले नगण, नगण, मगण, यगण, यगण छन् र आठ अक्षर र त्यसपछिका सात अक्षरमा यति (विश्राम) हुन्छन् भने सो [illegible] 'मालिनी' [illegible] ।)

Cc-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जगति या कमला कमलासन-
स्मरहरादिसुरैरसुरैः स्तुता ।।
निजगणैः सह सा सहसाऽऽसिता
भगवती भवतां भवतान्मुदे ।।❀

।।२।।

☐मम भवन्तु भवन्तु भवान्तरे
दधति ये हृदये सदये नये ।।
कुशलिनोनघिनो नघृणोदया(न्)
गुरुषु तेषु गुरून्नतयो ऽ निशम् ।। ★

।।३।।

❀ यो श्लोक 'द्रुतविलम्बित' छन्दको हो । यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ–

न. भ. भ. र.
। । ।- ऽ । । ऽ । ।–ऽ । ऽ
द्रुतविलम्बितमाह नभौ भरौ ।।५०।।

(श्लोकको प्रत्येक पाउमा क्रमैले नगण, भगण, भगण, रगण, छन् भने सो श्लोक 'द्रुतविलम्बित' छन्दको हुन्छ ।)

☐ यहां 'प्र' 'क' प्रतिको पुस्तकमा 'श्री' बढी लेखिएको छ । अरू प्रतिको पुस्तकमा छैन ।

★ यो श्लोक 'द्रुतविलम्बित' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीगोर्षाभिधपर्वतेऽतिरम्मणे शैलाधिराजान्तिके
(१)द्रव्येशाभिधसाहकः समभवद् भूपालचूडामणिः ॥
तद्वंशे समभूद् बुधादरकरः श्रीपूर्णनामा महाँ-
स्तत्पुत्रः समभूद्दिनेश्वररुचिः श्रीरामसाहः सुधीः ॥◇

॥४॥

यस्मिन् राममहीपतौ गुणनिधौ श्रीरामचन्द्रोपमे
राज्यं कुर्वति वारिदोऽपि समयेऽवर्षीद् धरा सस्य राट् ॥
आसीद् धर्मरता जनाश्च सुखिनो जाता वयं ब्रूमहे
किं वान्यत्समयः समः समभवद्यत्सत्प्रतापादहो ॥ ⫽

॥५॥

---

(१) 'क' प्रतिको पुस्तकमा यहाँ पाठान्तर छ ।
द्रव्येशाभिधसाहकः समभवच्छ्रीपूर्णसाहाभिधः ।
तत्पुत्रौ परमौ बुधादरकरौ श्रीक्षत्रसाहः पुरा
स्वर्गं लोकमगान्नृपस्तदनुजः श्रीरामसाहः सुधीः ॥४॥

◇ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो । यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ–

म. स. ज. स. त. त. गु.
ऽऽऽ–।।ऽ–।ऽ।–।।ऽ–ऽऽ।–ऽऽ।ऽ

सूर्याश्वैर्मसजस्तताः सगुरवः शार्दूलविक्रीडितम् ॥९९॥

(श्लोकको प्रत्येक पाउमा क्रमैले मगण, सगण, जगण, सगण, तगण, तगण, एउटा गुरु छन् र बाह्र अक्षर र त्यसपछिका सात अक्षरमा विश्राम हुन्छन् भने सो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हुन्छ ।)

⫽ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुत्रोऽस्यैव च डम्बरः समभवत्कृष्णोऽभवत्तत्सुतः
श्रीरुद्राभिधसाहकः समभवत्तस्यापि पुत्रः सुधीः ।।
श्रीपृथ्वीपतिभूपतिःस्म भवति श्रोद्यत्सुतोस्यैव तु
श्रीमांस्तत्तनयोभवद् गुणयुतः श्रीवीरभद्राभिधः ।।◇
।।६।।

तत्पुत्रः समभून्महान् हि नरभूपालाभिधो भूपतिः
श्रीमद्देवपदारविन्दयुगलध्यानैकबद्धस्पृहः ।।
यत्पादाम्बुजयुग्मनीरधयनात्मूकोभवद्वाक्पतिः
श्रीगौरीश्वरपण्डितोक्तविधिना संजातसिद्धिः सुधीः।।□
।।७।।

तस्यासन् पञ्च पुत्रास्त्रिजगति विदिता अग्रिमो वीरवर्यः
पृथ्वीनारायणाख्यस्तदनु गुणनिधिः श्रीमहोद्दामकीर्त्तिः ।।
उद्यत्कीर्तिस्तृतीयो दलपदसहितो मर्दनोथो चतुर्थः
श्रीमद्दैवैकभक्तिर्दलजिदथ कनीयांश्च शूरप्रतापः ।।⊠
।।८।।

◇ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।
□ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।
⊠ यो श्लोक 'स्रग्धरा' छन्दको हो । त्यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ—

म. र. भ. न. य. य. य.

ऽ ऽ ऽ–ऽ ।ऽ-ऽ ।।।।।।ऽ ऽ–।ऽ ऽ।ऽऽ

म्रभ्नैर्यानां त्रयेण त्रिमुनियतियुता स्रग्धरा कीर्तितेयम् ।।१०२।।

(श्लोकको प्रत्येक पाउमा क्रमैले सगण, रगण, भगण, नगण, यगण, यगण, यगण, छन् र सात, सात, सात अक्षरमा विश्राम हुन्छन् भने सो श्लोक 'स्रग्धरा' छन्दको हुन्छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं पौरजना: सदाशिवमुखाम्भोजानि किं भूतले
राज्यं भोक्तुमितानि दिग्वसनकं त्यक्त्वा षडास्यात्मजम् ।।
क्षुत्क्षामानि गजाननात्मजमहो किम्पञ्च पाण्डोः सुताः
नेपालावनिपालकौरवकुलध्वंसाय शङ्कां दधुः ।।❀

।।९।।

एतेषामग्रजो यो नृपमुकुटमणिद्योतिताङ्घ्रिद्वयाब्जः
श्रीमन्नेपालदेशक्षितिपतिरभवद्ध्वंसयित्वारिवर्गान् ।।
तस्याभूतां सुतौ द्वौ रुचिविजितमदनौ भूपसिंहप्रतापो
ज्येष्ठो राजाधिराजस्तदनुजनिरहो श्रीबहादूरसाहः।।❀

।।१०।।

❀ श्रीमद्दोर्द्वन्द्वदण्डोद्धठदृढप्रवृतोद्दण्डकोदण्डचण्डो-
द्दण्डोत्काण्डज्वलाग्नौ वरिपुनिकरध्वान्तकीटाः पतन्तः।।
यस्याशेषा म्रियन्ते रविरपि च वलप्रोद्धतैर्धूलिसंघै-
र्यात्रायां छाद्यतेसौ जयति भुवितले श्रीबहादूरसाहः ।।〃

।।११।।

❀ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

❀ यो श्लोक 'स्रग्धरा' छन्दको हो ।

❀ यो श्लोक 'प्र' प्रतिमा भपिएको छ, अरू प्रतिमा छैन ।

〃 यो श्लोक 'स्रग्धरा' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीमत्सिंहप्रतापक्षितिपतिरमणी कान्तिर्पुर्यां समासी-
च्छ्रीमद्राजेन्द्रलक्ष्मीरिति भुवि विदिता कोटिनागादिदात्री
दानाम्भोऽम्भोधिभूतोद्धितरणशशभृद्धृष्णिभिर्द्योतितास्ताः
सर्वा आशास्ततो ये धनरहितजनाः श्रीकुबेरीकृतास्ते ॥❀

॥१२॥

तस्यां पुत्रः समासीज्जगति रणबहादूरनाम्ना नृपेन्द्रो
वैरिव्रातप्रतापज्वलदनलविनिध्वंसनाम्भूप्रवाहः ॥
सूत्यां कामो विडौजा सदसि रणभुवि श्रीगुडाकेश एव
पृथ्वीनारायणस्य क्षितिपकुलमणेः पुण्यवंशावलीयम् ॥✿

॥१३॥

समभवदिह पत्नी श्रीमहोद्दामकीर्ते-
र्जगति जयकुमारीनाम्निका देवकीवत् ॥
द्विजवरधनदानानन्दतुच्छीकृतोद्य-
न्नगरिपुनगरीसंभूतपीयूषधारा ॥ ★

॥१४॥

❀ यो श्लोक 'स्रग्धरा' छन्दको हो ।

✿ यो श्लोक 'स्रग्धरा' छन्दको हो ।

★ यो श्लोक 'मालिनी' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्पुत्रा ज्वलनोपमाः समभवञ्छ्रीमान्पहल्मान् महाञ्
ज्येष्ठः श्रीबलभद्रसाहसचिवस्तन्मध्यमो बुद्धिमान् ।।
श्रीकृष्णाभिधसाहकस्तदनुजः शौर्याश्रितानामहो
एतेषां गमने कृते सति रणे स्थास्यन्ति के केरयः ।। ❀

।।१५।।

ज्येष्ठो धर्मविनिष्ठितप्रविलसच्चेता गरिष्ठः सुधी-
र्देवाराधनमानसो हि सुकृतं लोके करोत्यद्भुतम् ।।
एकाकी च ततोनुजद्वयमहो श्रीरामकृष्णोपमम्
गोर्षाधीश्वरराजराजनगरे वर्वर्त्ति सर्वोपरि ।। ✠

।।१६।।

यद्भ्रातृद्वयमेत्य दीनमनुजाः गीर्वाणवृक्षोपमम्
स्पर्द्धन्ते धनदं विदन्ति यमराड्वाहारिघण्टाध्वनिम् ।।
यद्भेरीरवमाकलय्य रिपवः प्रोद्दण्डप्रीत्या युतम्
दृष्ट्वा पौरजनाः स्तुवन्ति सहसा वृद्धस्य धातुर्विधिम् ।। ◈

।।१७।।

❀ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

✠ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

◈ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिराञ्चोके भूपैर्जगति बलभद्रोयमिति कैः
सकृष्णो न ज्ञातः पटुतरभटैर्द्धाविततरैः ॥
कलावत्याह्वयं तदनु जयभामेति विदिता
स्वसारौ यन्माता भुवि जयकुमारी सदभिधा ॥ ※

॥१८॥

◊अज्ञोद्धारणमानसो रचयति श्रीकृष्णसाहाज्ञया
सर्वेषां च नृणां प्रशस्तिनिकरान् वाणीविलासः कविः ॥
यावत्कल्पहुताशनप्रविलसज्ज्वालाविनिर्ध्वंसिता
पृथ्वी तावदसौ भविष्यति हि नो वर्वर्त्तु सर्वोपरि ॥ ❀

॥१९॥

※ यो श्लोक 'शिखरिणी' छन्दको हो । त्यसको लक्षण वृत्तरत्नाकरमा यसरी लेखिएको छ–

य. म. न. स. भ. ल. गु.
। ऽऽऽ ऽ ऽ– । । । । । ऽ-ऽ । । ।-ऽ

रसै रुद्रैश्छिन्ना यमनसभलागः शिखरिणी ॥९०॥

(श्लोकको प्रत्येक पाउमा क्रमैले यगण, मगण, नगण, सगण, भगण, लघु, गुरु छन् र छ अक्षरमा तथा त्यसपछिका एघार अक्षरमा विश्राम हुन्छन् भने सो श्लोक 'शिखरिणी' छन्दको हुन्छ ।)

◊ 'अ' प्रतिको पुस्तकमा 'आप्तो' पाठान्तर छ ।

❀ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीशब्दाः गुरुपादपद्मयुगले लेख्या बुधैः षट् तथा
पञ्च श्रीनृपतीन्द्रमौलिचरणे देयाः स्वभृत्यावलौ ॥
श्रीशब्दद्वयमेव लेख्यमहितग्रामे चतुष्कं श्रियां
मित्रे श्रीत्रयमेव देयमनिशं ह्येकं स्वपुत्रस्त्रियोः ॥ ❀

॥२०॥

अत्रादौ श्रीशब्दस्य ★मङ्गलसूचकत्वात्प्रशस्त्याद्यावावश्यकत्वाच्च श्रीशब्दलेखनप्रकारो वर्णितः ॥

अथ चातुर्वर्ण्यप्रशस्तयः
तत्रादौ पण्डितस्य ॥

स्वस्ति श्रीमद्विविधविद्यासम्पाद्यमानानवद्यसज्जनहृद्यगद्यपद्यावलीरचनचञ्चत्चातुरीचमत्कारसम्पाद्यमानोद्दण्डप्रचण्डपाण्डित्यप्रख्यातयशोमण्डलधवलीकृतभुवनत्रयपाण्डित्यचातुरीखण्डितवादीन्द्रमण्डलविद्वज्जनमण्डलपुण्डरीकमण्डलीमण्डनमार्तण्डमूर्त्तिषु मे प्रणतिततयः संभ्लासन्ताम् ॥

॥२१॥

❀ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

★ 'ग' 'क' प्रतिमा 'मङ्गलवाचक' पाठान्तर छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वस्ति श्रीमत्तामरसललामास्यकल्पद्रुमाभिराम-सुखधामश्यामधामकामसमानश्रीरामारमणश्रीरामाङ्-घ्रितामरसमकरन्दसन्दोहभ्रमरायमान (ण) मानसेषु विद्व-ज्जनगरिष्ठेषु दण्डवत्प्रणामाः समुल्लसन्तु ।।

।।२२।।

पद्यम् ।।
विद्वद्वृन्दशिरोमणे तव पदद्वन्द्वारविन्दे नतिः
प्रास्तां मे विविधप्रयोगकुशलान्तेवासिभिर्वन्दिते ।।
नानाशास्त्रविचारजन्यसुयशःशुभ्रांशुशुभ्रीकृत-
त्रैलोक्यस्य मदीयमौलिविहिता भृङ्गायमानानिशम् ❀

।।२३।।

अथ कुशललेखनप्रकारः ।।
कौशल्यं भवतां सदा गुणनिधे कांक्षामि शास्त्राकर-
ज्ञानाबद्धमनो धराधरसुतापादारविन्दार्चनात् ।।
वर्वर्त्तीह मदीयकौशलमहो श्रीमत्प्रसादात्सदा
यत् संध्वंसयते मदीयहृदयस्थत्वद्वियोगानलम् ।। ◇

।।२४।।

❀ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।
◇ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ पत्रोपालम्भनप्रकारः ।।

लिखितमत्र तु पत्रमहो मया
न लिखितं भवता करुणानिधे ।
कथमये हि तदुत्तरकृद्वचो
विरहजन्यधनञ्जयनाशकम् ●

।।२५।।

अथ भूपतेः ।।

स्वस्ति श्रीमदुद्दण्डभुजदण्डमण्डितोद्दण्डकोदण्डवि-निःसृतोद्दण्डकाण्डमण्डलीताण्डवखण्डितोद्दण्डवैरीन्द्रमण्ड-लोद्दण्डमुण्डमण्डलीमण्डितोद्दण्डावनिखण्डेषु यथायोग्यम् ।।

।।२६।।

स्वस्ति श्रीमदतिप्रचण्डनिजदोर्दण्डमण्डितकोदण्ड-स्खलत्काण्डमण्डलताण्डवजितोत्तुङ्गानङ्गसमाङ्गबङ्गक-लिङ्गतैलङ्गकाश्मीरादिदेशाधिपतिमण्डलीस्खलन्मौलि-मल्लीमतल्लीमालाङ्गीकृतरसमाधुरीप्रोल्लसद्भृङ्गकुरङ्गी दृक्सङ्गीतभङ्गीसमुज्जृम्भदङ्घ्रिद्वयारविन्देषु यथा-योग्यम् ।।

।।२७।।

● यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वस्ति श्रीमन्निजोद्दण्डभुजदण्डद्वन्द्वध्वंसितवैरीन्द्र-
वृन्दाङ्गनानयननीलाम्भोजगलद्वहलतरवाष्पपूरसरोम-
ज्जत्प्रतापराजहंसेषु यथायोग्यम् ।।

।।२८।।

पद्यम् ।।

स्वस्ति श्रीमति भूपतिस्तुतिकृतिक्ष्माकीर्तिभूमीपति-
द्रव्यप्राप्तिमति क्षपापतिमहाकान्तिद्युति प्रोद्यति ।।
श्रीविद्वज्जनवृन्दवन्दितपदद्वन्द्वारविन्दोल्लस-
द्दारिद्र्यानलनाशनाम्भुनिकरे ह्याशीः समुज्जृम्भताम् ।।□

।।२९।।

अथ कुशललेखनप्रकारः ।।

श्रीमद्धूर्जटिपादपद्मयुगलध्यानेन वर्वर्त्यहो
कौशल्यं मम धीमतां प्रतिदिनं काङ्क्षामि वो नामयम् ।।
यच्छ्रुत्वा हृदयारविन्दविलसच्छ्रीमद्वियोगानलः
शीघ्रं शाम्यति मानसं च नितरां प्राप्नोति सौख्यं महत् ।।★

।।३०।।

□ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

★ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्रोपालम्भः

नृपतिमौलिविराजितपाद भोः
कथमहो लिखितं भवता न हि ।
मयि तु पत्रमनल्पवियोगभू- □
ज्वलननाशकरं वचनोत्तरम् ।। ◇

।।३१।।

अथ वैश्यस्य* ।।

स्वस्ति श्रीमच्छर्करादिमधुरद्रव्यालेपनतुच्छीकृतपो-
यूषपक्वान्नभोजनसन्तुष्टीकृतभूदेवपटलदत्ताशीर्वादलब्ध-
वाणिज्यवैदग्ध्यविहितद्रव्यदानादिचूर्णितब्राह्मणदारिद्र्ये-
षु विद्वज्जनवृन्दवदनारविन्दोद्गीर्णसकलशास्त्रनिर्णीत-
धर्माचरणप्राप्तसत्प्रतिष्ठेषु यथायोग्यम्

।।३२।।

□ 'च' प्रतिको पुस्तकमा 'वियोगमनल्पभू' पाठान्तर छ ।

◇ यो श्लोक 'द्रुतविलम्बित' छन्दको हो ।

* 'अ' प्रतिको पुस्तकमा 'विश' पाठान्तर छ ।

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

पद्यम् ।।

स्वस्ति श्रीमकरध्वजातिरमणे वाणिज्यकर्माज्जित-
द्रव्याकारितधर्मकर्मणि मम प्रास्तां शतं चाशिषाम् ।।
पुत्रायुर्धनधान्यमङ्गलकरं पुत्राङ्गनाद्यन्विते
श्रीमद्भागवतादिभारतपुराणाकर्णनोद्यन्मतौ ।। ❀

।।३३।।

अथ कुशललेखनम् ।।

कौशल्यं मम वर्त्तते गिरिसुतापादारविन्दार्चना-
द्वाणिज्यार्जितसद्धनाभृशमितोद्दारिद्र्यभारानल ।
सत्क्षेमं भवदीयमीशकृपया वाञ्छामि चार्हानिशम्
यच्छ्रुत्वा हृदयाब्जसंस्थितमहादुःखानलो शाम्यति ।।◇

।।३४।।

अथ पत्रोपालम्भः

दयानिधौ त्वयि च सखे मया प्रेरितबहुपत्राणाम् ।
प्रत्युत्तरं न लिखितं त्वया मनस्त्वद्विरहो दहति ।। ⫽

।।३५।।

❀ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

◇ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

⫽ यो श्लोक मात्रा छन्दमध्येको 'उपगीति' छन्दको हो । यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ शूद्रस्य ।।

स्वस्ति श्रीमद्द्विपश्चित्कुलशिरोमणिविचारचातुरी-चमत्कारनिर्णीतधर्माचरणप्रोद्भूतसत्कीर्त्याहूतभिक्षुजन-मनोभिलाषपूरकभक्तजनोद्धारणनिरयनिवारणसिद्धिका-रणदुःखोत्सारणनारायणचरणलग्नाऽन्तःकरणगुणगणप-रायणगुणिगगणनाग्ग्यगण्येषु शुभाशीर्विलसतु ।।

।।३६।।

अथ पद्यप्रशस्तिरत्रैव कुशललेखनं च।।

आर्याद्वितीयकेऽर्धे यद्गदितं लक्षणं तत्स्यात् ।

यद्युभयोरपि दलयोरुपगीतिं तां मुनिर्ब्रूते ।।६।।

(आर्या छन्दको उत्तरार्द्धको लक्षण, जुन श्लोकको पूर्वार्द्ध उत्तरार्द्ध दुवैमा घट्छ, सो श्लोक 'उपगीति' छन्दको हुन्छ ।)

'आर्या' छन्दको लक्षण श्रुतबोधमा यसरी दिइएको छ–

यस्या : पादे प्रथमे द्वादश मात्रास्तथा तृतीयेऽपि ।

अष्टादश द्वितीये मात्रा चतुर्थके पञ्चदश सार्या ।।४।।

(जुन श्लोकमा पहिलो पाउमा बाह्र मात्रा, दोस्रो पाउमा अठाह्र मात्रा, तेस्रो पाउमा बाह्र मात्रा, चौथो पाउमा पन्ध्र मात्रा हुन्छन्, सो श्लोक 'आर्या' छन्दको हुन्छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशीश्शतं स्फूर्जतु मे भवत्सु
⌘विद्वज्जनाराधनमानसेषु ।
आरोग्यमीहे भवदीयमत्र
विष्णोः प्रसादात्कुशलं ममास्ते ।। ❀

।।३७।।

अथोपालम्भः ।।
पत्रिका भवताऽलेखि नो सखे करुणानिधे ।
प्राणः कथं मम स्थेयात्त्वत्क्षेमज्ञानजीवनः ।। ✿

।।३८।।

इति चातुर्वर्ण्यप्रशस्तयः

⌘ 'अ' 'च' प्रतिको पुस्तकमा 'ि जन्मना' पाठान्तर छ ।

❀ यो श्लोक 'इन्द्रवज्रा' छन्दको हो । त्यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ–

त.	त.	ज.	गु.	गु.
ऽ ऽ ।	ऽ ऽ ।	। ऽ ।	ऽ	ऽ

स्यादिन्द्रवज्रा यदि तौ जगौ गः ।।३०।।

(श्लोकको प्रत्येक पाउमा क्रमैले तगण, तगण, जगण, गुरु, गुरु. छन् भने सो श्लोक 'इन्द्रवज्रा' छन्दको हुन्छ ।)

✿ यो श्लोक 'अनुष्टुप्' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ गुरोः ॥

स्वस्ति श्रीमद्भवभयाम्भोधिमज्जज्जनोद्धारणदर्शिताखण्डमण्डलाकारचिन्मूर्त्तिव्याप्तचराचरनारायणपादारविन्दद्वन्द्वविविधप्रयोगवशीकृतसमस्तसिद्धिप्रकटीकृतश्रीमदिष्टदेवता प्रसादविजितपुरन्दरादिदिगधिपतिश्रीमद्गुरुचरणारविन्दयुगलेषु कोटिशःप्रणामाः सन्तु ।

॥३९॥

पद्यम् ॥

मम गुरुचरणारविन्दयुग्मे
लसतु नतिर्भ्रमरायमानि(णि)केयम् ॥
सकलजनशिरोभिभासितस्र-
ग्विलसति संसृतिजन्यदुःखभीतेः ॥ ❀

॥४०॥

❀ यो श्लोक अर्धसमवृत्तमध्येको 'पुष्पिताग्रा' छन्दको हो । त्यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ–

न.	न.	र.	य.	न.	ज.	ज.	र.	गु.
। । ।	-। । ।	-S । S	- । S S	। । ।	-। S ।	। S ।	S । S	-S

अयुजि नयुगरेफतो यकारो । युजि च नजौ जरगाश्च पुष्पिताग्रा ॥९॥

(जुन श्लोकमा पहिलो तेस्रो पाउमा नगण, नगण, रगण, यगण, हुन्छन् र दोस्रो चौथो पाउमा नगण, जगण, जगण, रगण, गुरु हुन्छन् , सो श्लोक 'पुष्पिताग्रा' छन्दको हुन्छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ कुशललेखनम् ।।

वरीवृतीति मे सुखं स्वभूकृपावशादिह ।
भवत्पदाब्जयुग्मशं समीहते मनो मम ।। ❀

।।४१।।

अथोपालम्भः ।।

किं गुरो भवतादायि नो दयाङ्कितपत्रकम् ।
मन्त्रोप्यदायि येनाहो संसाराज्ञानखण्डनः ।। ॐ

।।४२।।

संन्यासिनः ।।

स्वस्ति श्रीमन्नानाविद्याविनोदचञ्चच्चातुरीसंप्राप्तनिगमरहस्यबृहदुपनिषत्पाठपवित्रीकृतान्तःकरणवर्त्तमानज्ञानतुच्छीकृतसकलेन्द्रियार्थेषु उद्दामयोगोत्तमध्यानासक्त-

---

❀ यो श्लोक 'प्रमाणिका' छन्दको हो । यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ–

ज. र: ल.गु.
। ऽ। ऽ– । ऽ । ऽ

प्रमाणिका जरौ लगौ ।।१६।।

(श्लोकको प्रत्येक पाउमा क्रमैले जगण, रगण, लघु गुरु; छन् भने सो श्लोक 'प्रमाणिका' छन्दको हुन्छ ।)

ॐ यो श्लोक 'अनुष्टप' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मानसदर्शिताखण्डमण्डलाकारपरब्रह्ममयचराचरेषु श्रीमत्सु प्रणामाः ।।

।।४३।।

पद्यम् ।।

नतिर्हि मे विराजताम् भवत्पदाम्बुजद्वये ।।
मनः समीहते सुखं तवात्र मे तु चास्ति तत् ।।

।।४४।।

अथोपालम्भः ।।

प्रेरितं च मया पत्रं न त्वया लिखितं सुधीः ।
तस्योत्तरं कथं श्रीमन् वेदान्तज्ञानकौशल ।।

।।४५।।

वैष्णवस्य ।।

स्वस्ति श्रीमद्दैत्यनिकरमर्दविनिध्वंसनदक्षशंखादिमण्डितचतुर्बाहुनारायणपादारविन्दध्यानाप्तज्ञाननिर्मलीकृतान्तःकरणशान्तस्वभावश्रीमच्चरणकमलयुगलेषु मे प्रणामाः समुल्लसन्तु

।।४६।।

यो श्लोक 'प्रमाणिका' छन्दको हो ।

यो श्लोक 'अनुष्टुप्' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पद्यम् ।।
जानकीधवपादाब्जपूजनोद्धिषणे त्वयि
प्रास्ताम्मम प्रणामालिर्भक्तालीनां पुरःसरे ।।⊠
।।४७।।

कुशललेखनम् ।।
शं ममात्र वरीवर्त्ति विष्णुपद्विशसेवनात्
भो वैष्णव त्वदीयं हि तत्कांक्षामीह सर्वदा ।।⫽
।।४८।।

उपालम्भः ।।
पत्रालिः प्रेरितास्माभिर्नालेखि भवता कथम् ।
हरिपादारविन्दोद्यन्भृङ्गचेतो ऽसुखापहा ।।○
।।४९।।

अथ कवेः

स्वस्ति श्रीमन्नानाविधविद्याविचारचातुरीस्फूर्जच्चमत्कारसंजातविविध कविताविनोदवशीकृतसकलरसिकजनेषु सकलावनिपालसभाविराजमानवाग्विलाससंप्राप्तयशश्चयचन्द्रकिरणधवलीकृतत्रिलोकीषु प्रणामाः ।।
।।५०।।

⊠ यो श्लोक 'अनुष्टुप्' छन्दको हो ।
⫽ यो श्लोक 'अनुष्टुप्' छन्दको हो ।
○ यो श्लोक 'अनुष्टुप्' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पद्यम् ।

नत्यालिर्मम राजतां प्रतिदिनं श्रीमत्सु पुण्यात्मसु
विस्फूर्जत्कविताविचारजनितानन्दोल्लसद्धृत्सु वै ।
ईहे शम्भवतां समास्ति नितरां नारायणाराधनात्
पत्रालिर्लिखिता मया तु भवता न प्रेरितं चोत्तरम् ।।✡

।।५१।।

गणकस्य ।।

स्वस्ति श्रीमन्मानुषनिकराज्ञातगतिमार्तण्डादिनव-ग्रहप्रचारप्रमाणीकृतकालसमीचिनज्ञानातीतानागतसमाचारज्ञानवशीकृतभूमिमण्डलाखण्डलमण्डलीसंप्राप्तप्रतिष्ठोद्भूतयशःपूरपूर्णेन्दुपाण्डुरीकृतत्रिलोकीषु यथायोग्यम् ।

।।५२।।

पद्यम्

आस्तां सानतिततिरेव मे भवत्सु
ज्योतिर्विन्मुकुटमणिप्रभोल्लसत्सु ।

✡ यो श्लोक शार्दूलविक्रीडित छन्दमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आस्ते मे कुशलमिहैव ते समीहे
तत्पत्रं लिखितमहो मया त्वया न ॥❀

॥५३॥

पितुः ॥

स्वस्ति श्रीमदमन्दपरमानन्दमन्दाकिनीतरङ्गवृन्दान्तःकरणदनुजेन्द्रवृन्दच्छिन्नकबन्धवृन्दस्रवदमन्दरुधिरधारापानसन्तुष्टीकृतमानसदेवदेवीचरणारविन्दद्वन्द्वाराधनमानसपरमस्नेहादिपालितास्मदादिबालकपितृचरणारविन्देषु दण्डवत्प्रणामाःसमुल्लसन्तु ॥

॥५४॥

❀ यो श्लोक 'प्रहर्षिणी' छन्दको हो । त्यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ–

म.	न.	ज.	र.	गु.
ऽ ऽ ऽ	। । ।	। ऽ ।	ऽ । ऽ	ऽ

म्नौ ज्रौ गस्त्रिदशयति प्रहर्षिणीयम् ॥७१॥

(श्लोकको प्रत्येक पाउमा क्रमैले मगण, नगण, जगण, रगण, गुरु, छन् र तीन अक्षरमा र त्यसपछिका दश अक्षरमा विश्राम हुन्छन् भने सो श्लोक 'प्रहर्षिणी' छन्दको हुन्छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पद्यम् ॥
स्वस्ति श्रीत्रिदिवापगाप्रविलसत्पानीयसच्चेतसां
तातानां चरणारविन्दयुगले भक्ताभिलाषप्रदे ।
अष्टाङ्गोल्लसितप्रणामनिकरा भूयासुराशु स्मर-
ध्वंस्यंघ्रिद्वयनीरजप्रविलसत्सेवामतीनां मम ॥○

॥५५॥

कुशललेखनम् ॥
कुशलं भवतां सदा समीहे
मम जन्मादिसुकर्मकारिणां मे ।
धरणीधरपुत्रिकापदाम्भो-
रुहयुग्मार्चनतोत्र वर्तते तत् ॥★

॥५६॥

○ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

★ यो श्लोक वैतालीय छन्दमध्येको 'औपच्छन्दसिक' छन्दको हो । त्यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ–

६मात्रा. र. य. ८ मात्रा. र. य.

ऽऽऽ ऽ।ऽ। ऽऽ ऽऽऽ ।।-ऽ ।ऽ- ।ऽऽ

पर्यन्ते र्यौ तथैव शेषं त्वौपच्छन्दसिकं सुधीभिरुक्तम् ॥१३॥

(जुन श्लोकको पहिलो र तेस्रो पाउमा विजोर लघुपछि गुरु नपरेको छ मात्राभन्दा पल्तिर, दोस्रो र चौथो पाउमा त्यसै गरी आठ मात्राभन्दा पल्तिर रगण, यगण, हुन्छन्, सो श्लोक 'औपच्छन्दसिक' छन्दको हुन्छ भनी विद्वान्हरू भन्दछन् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथोपालम्भः
अभक्तेषु पुत्रेष्वपि प्रीतिरेव
पितुर्जायते ऽतस्त्वयालेखि पत्रम् ।
कथं तात नो सौख्यदं दुःखहन्तृ
मया प्रेरिता पत्रिकोदन्तवक्त्री ॥✧

॥५७॥

मातुः॥

स्वस्ति श्रीमद्भवपादारविन्दद्वन्द्वाराधनोद्भूतसुकृतनिकरविजितारुन्धतीषु मधुरसंभाषणप्रीतिवर्द्धिततनयादिमुखारविन्दनिःसृतपीयूषधारोपमवचनाल्हादीकृतमामसासु प्रणामाः सन्तु ।

॥५८॥

✧ यो श्लोक 'भुजङ्गप्रयात' छन्दको हो । त्यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ–

य. य. य. य.
। ऽऽ। ऽऽ–।ऽऽ–।ऽऽ

भुजङ्गप्रयातं भवेद्यैश्चतुर्भिः ।५५

(श्लोकको प्रत्येक पाउमा चारवटा यगण हुन्छन् भने सो श्लोक 'भुजङ्गप्रयात' छन्दको हुन्छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पद्यम् ।।

प्रणामा भूयासुर्जननि तव पादाम्बुजयुगे
मदीयं कौशल्यं स्मरहरपदाराधनवशात् ।
वरीवर्त्ति श्रीमत्कुशलचयमीहे न लिखितं
त्वया कस्मात् पत्रं जननि लिखितं तद् बहु मया ।।⫽

।।५९।।

स्वस्त्रियाः।।

स्वस्ति श्रीमद्द्विविधरूपविजितत्रिलोकीवासभू-निकरासु स्मितपीयूषधारासन्तुष्टीकृतनिजप्रियान्तः-करणासु कटाक्षावलोकनतुच्छीकृतसरोजखञ्जरीटमी-नासु मत्प्राणातिप्रियासु आशीश्शतम् ।।

।।६०।।

पद्यम्

शरदिन्दुलसन्मुखारविन्दे
त्वयि मे सन्तु शुभाशिषोऽत्रशर्म्म ।
वरिवर्त्ति तवानिशं शमीहे
लिखितं पत्रमहो त्वया कथं न ।।⊠

।।६१।।

⫽ यो श्लोक 'शिखरिणी' छन्दको हो ।

⊠ यो श्लोक वैतालीय छन्द मध्यको 'औपचछन्दसिक' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भ्रातुः॥

स्वस्ति श्रीमद्भक्तिनिकरोद्भूतागण्यपुण्यगणोद्भूतसहोदरप्रीतिविजितरामलक्ष्मणाश्विनीकुमारजगद्दुःखव्यूहोद्भूतचिन्तालतावेष्टितपापारण्योत्पाटनकुठारेषु प्रणामाः॥ आशिषश्च लसन्तु॥

॥६२॥

पद्यम्।

स्वस्ति श्रीविलसत्पुरोजचरणाम्भोजद्वये मे नति-
र्भूयादत्र सुखं ममास्ति नितरां विष्णुप्रसादादहो।
ईहे शं भवतां मया परतरं पत्रं बहु प्रेरितं
भो भ्रातः करुणानिधे कथमहो नालेखि पत्रं त्वया॥■

॥६३॥

कनिष्ठस्य पद्यम्॥

मदनुज त्वयि चाशिष एव भो
मम भवन्तु सुखं वरिवर्त्ति मे।
तव तु तन्मन इच्छति पत्रिका
न लिखिता हि तदुत्तरवाक्कथम्॥◤

॥६४॥

■ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

◤ यो श्लोक 'द्रुतविलम्बित' छन्दको हो।

भर्तुः ॥

स्वस्ति श्रीमन्निजाङ्गनामनोभिलषितपूरणकल्पपादपमूर्त्तिषु परब्रह्मध्यानाप्तधर्मादिचतुर्वर्गेषु मत्प्राणाधीश्वरेषु प्रणामाः ॥

॥६५॥

पद्यम् ॥

प्राणाधीश्वर पादपद्मयुगले वोभूयतां मे नति-
र्वर्त्तीश्वरसेवनाद्धि कुशलं मेत्रैव तत्रैव तत् ।
ईहे ते लिखितं मया बहुतरं पत्रं तथा प्रेरितं
भो मत्कान्त कथं त्वया न लिखितं न प्रेरितं सौख्यदम् ※

॥६६॥

पुत्रस्य ॥

स्वस्ति श्रीमत्सकलधर्माधर्माचारविचारचातुरीचञ्चच्चमत्कारसंभूतपाण्डित्यविख्यातयशःपूरशशधरधवलीकृतभुवनत्रयेषु अस्मत्कुलोद्दीपनदीपप्राणातिप्रियपुत्रेषु शुभाशिषो विलसन्तु ॥

॥६७॥

※ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पद्यम् ॥

आशीरुल्लसतु त्वयि प्रतिदिनं हे पुत्र कांक्षाम्यहम्
कौशल्यं तव सौख्यदं परतरं मे वर्त्तते तत्सदा ।
दत्तं पत्रमनेकमेव तु मया न प्रेरितं किं त्वया
मत्पत्रोत्तरचोदनं मम कथं प्राणोऽपि तिष्ठेदतः ॥❁

॥६८॥

शिष्यस्य ॥

स्वस्ति श्रीमद्विविधशुश्रूषाचमत्कारप्रयोगसन्तुष्टीकृत मानसनिजगुरुलब्धश्रीमदिष्टदेवताचरणारविन्दद्वन्द्वोल्लसन्मकरन्दसन्दोहमिलिन्दायमानमानसेषु नानाप्रकारेण मन्त्रसाधनतत्परेषु श्रीमच्छात्रवरेषु आशीर्विलसतु ।

॥६९॥

पद्यम् ।

श्रीमच्छिष्यवरे ममास्तु नितरामाशीश्शतं सर्वदा
देवीपादसरोजयुग्मविलसद्भक्तौ समीहे सुखम् ।
तत्र श्रीभवतां ममात्र कुशलं चास्ते मया प्रेरितं
पत्रं शिष्यवर त्वया न लिखितं कस्माद्धि हेतोर्वद ॥●

॥७०॥

❁ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

● यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मित्रस्य ।।

स्वस्ति श्रीमदुद्दामप्रेमविभूषितवृन्दारकवृन्दवन्दितगोविन्दचरणारविन्दद्वन्द्वमकरन्दास्वादानन्दमिलिन्दायमानमानससर्वत्रस्थसत्पात्रगात्रत्राणविचित्रचरित्रपवित्रगात्रनिजपुत्रपौत्रकलत्रप्रभृतियुक्तमित्रचरणारविन्देषु प्रणतिततयः सन्तु ।।

।।७१।।

पद्यम् ।।

द्योतन्तां नतयः सुमित्रचरणाम्भोजद्वये मेऽनिशं
युष्माकं कुशलं समिच्छति मनो भो मित्र मे वर्त्तते ।
कौशल्यं लिखिता मया बहुतरा पत्री त्वयालेखि न
प्राणस्तिष्ठतु मे कथं गुणनिधेः पत्रीं विनातो हह ।।□

।।७२।।

अथ साधारण–प्रशस्तयः ।।

स्वस्ति श्रीमद्विविधविद्याविलासाल्हादितमनोविद्वद्वृन्दाराधनचेतोस्मदीयचेतोवर्त्तमानपवमानातिप्रियेषु यथायोग्यम् ।।

।।७३।।

□ यो श्लोक 'शार्दूलविक्रीडित' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वस्ति श्रीमन्निखिलनिर्जराञ्चितोपेन्द्रपादारविन्द-द्वन्द्वामन्दमेदुरमकरन्दास्वादीकृतमनोस्मदीयचित्तैकस्मरणीयरमणीयगुणेषु यथायोग्यम् ॥

॥७४॥

पद्यम् ॥

नतिततिर्भवदीयपदाम्बुजे
लसतु संततमेव कृता मया ।
कुशलिनो वयमीशकृपावशा-
दनुदिनं भवतां शमुपास्महे ॥ ▪

॥७५॥

कनिष्ठविषये पद्यम् ॥

श्रीमद्रमानाथपदारविन्द-
ध्यानाप्तधर्मादिसुखेषु नित्यम् ॥
आशीःसहस्राणि समुल्लसन्तु
पुत्रादियुक्तेषु भवत्सु मेद्य ॥ ❀

॥७६॥

▪ यो श्लोक 'द्रुतविलम्बित' छन्दको हो ।

❀ यो श्लोक 'इन्द्रवज्रा' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुशललेखनम् ।

ममात्र शं हि वर्तते सदा शिवांघ्रिसेवनात् ।
त्वदीयकं तदीमहे सुखप्रदं सदा वयम् ॥ ◯

॥७७॥

पगोपालस्मंनकारः ॥

मया तु प्रेरिता बहु कृपानिधान पत्रिका ।
अलेखि न त्वया कथं वियोगनाशिका हि सा ॥ ⌘

॥७८॥

स्त्री साधारणम् ॥

स्वस्ति श्रीमत्पातिव्रत्यधर्मोपार्जितयशोविजितारुन्धतयाद्यङ्गनासु अमुकनाम्नीषु यथायोग्यम् ॥

॥७९॥

स्वस्ति श्रीमद्दीनजनोद्धारणासक्तमानसाराधितमहोद्दामदनुजगणमर्दविनिध्वंसनविभूच्चक्रादिनारायणासु अमुकनाम्नीसु यथायोग्यम् ॥

॥८०॥

◯ यो श्लोक 'प्रमाणिका' छन्दको हो ।

⌘ यो श्लोक 'प्रमाणिका' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्येष्ठाया: साधारणं पद्यम् ।।

प्रणामसंचयोस्तु मे तवांघ्रिपद्मयुग्मके ।
ममास्ति भावुकं मनस्तवापि तत्समीच्छति ।। ◣

।।८१।।

कनिष्ठाया: साधारणं पद्यम् ।।

सदाशिल षोसन्तु मे पतिव्रतस्थितासु मे ।
वरीवृतीति शं शमीह एव तत्सदा शमी ।। ⫽

।।८२ ।।

अथ पत्रोपालम्भः ।।

अलेखि पत्रिका मया तथा च प्रेरिता बहु ।
कथं त्वया कृपानिधे ह्यलेखि नैकिकापि च ।। □

।।८३।।

प्रशस्तिरत्नावलिसंज्ञिकेयं
वाणीविलासाख्यबुधप्रणीता ।

◣ यो श्लोक 'प्रमाणिका' छन्दको हो ।

⫽ यो श्लोक 'प्रमाणिका' छन्दको हो ।

□ यो श्लोक 'प्रमाणिका' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तनोतु हर्षं बलभद्रकृष्ण-
द्वयस्य भास्वानिव चक्रवाक्याः ।।
॥८४॥

अजानताहो रचिता मयेयं
बुद्धिं स्वकीयामिह चेद्रुवेयुः ।
अशुद्धशब्दाः भ्रमतस्तदेमां
विशोधयन्तामवनौ हि सन्तः ।। □
॥८५॥

/// यो श्लोक 'उपजाति' छन्दको हो । यसको लक्षण वृत्तरत्नाकरमा यसरी दिइएको छ–

अनन्तरोदीरितलक्ष्मभाजौ पादौ यदीयावुपजातयस्ताः ।। ३१ ।।

(जुन श्लोकमा इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दका पाउ परपस्रमा छ्यासमिस भएर रहेका हुन्छन्, सो श्लोक 'उपजाति' छन्दको हुन्छ ।)

यस श्लोकमा दोस्रो पाउ इन्द्रवज्रा छन्दको र पहिलो तेस्रो चौथो पाउ उपेन्द्रवज्रा छन्दका छन् ।

इन्द्रवज्रा छन्दको लक्षण माथि ३७ श्लोकको टिप्पणीमा हेर्नुहोस् ।

उपेन्द्रवज्राको लक्षण यस प्रकारको छ–

ज. त. ज. गु. गु.

। ऽ । ऽ ऽ । । ऽ । – ऽ ऽ

उपेन्द्रवज्रा जतजास्ततो गौ ॥३१॥

(श्लोकको प्रत्येक पाउमा क्रमैले जगण, तगण, जगण, गुरु, गुरु छन् भने सो श्लोक 'उपेन्द्रवज्रा' छन्दको हुन्छ ।)

□ यो श्लोक 'उपजाति' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कविश्रेणिक्षोणीपतिमुकुटमाणिक्यविलस-
त्पदद्वन्द्वो लेभे तनयमथ यं रामहृदयः ।
असारे संसारे श्रुतिविहिततारार्ध्यमनुज-
प्रभावात्संपूर्णा समभवदियं तेन रचिता ॥

॥८६॥

इति श्रीमद्गोर्षाधीश्वरभूपालनरभूपालपौत्रश्रीमन्महोद्दामकीर्त्तिकुमारश्रीमच्छ्रीकृष्णसाहकारिता श्रीमद्राजकुलशिरोमणिप्रविलसत्पादारविन्दद्वन्द्वश्रीमद्रामहृदयपण्डितशिरोमणिसूनुवाणीविलासकविविरचिता प्रशस्तिरत्नावलिः समाप्ता ॥

यो श्लोक 'शिखरिणी' छन्दको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रशस्ति–रत्नावलि

अनुवाद भाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीगणेशलाई नमस्कार। श्रीइष्टदेवतालाई नमस्कार।

खूबसंग बगिरहने मदको धाराले सुहाएको ठूलो गण्डस्थलमा मधुरोसंग भँमराहरू भुनभुनाइरहेका, भव-सागरमा डुबेका मानिसहरूले चरणकमल पुजिएका, विघ्नलाई नाश गर्ने गणेशले यहाँ□लाई रक्षा गरून्।

॥१॥

ब्रह्मा महादेव आदि देवताहरूले र दैत्यहरूले स्तुति गरिएकी, आफ्ना गणहरूका साथ बसेकी, हँसिली लक्ष्मी यहाँहरूको खुशीका लागि होऊन्।

॥२॥

सिपालु, धर्मात्मा, जुन गुरुहरूले दयालु सोझो आफ्नो मनमा घृणा लिनु भएको छैन, उहाँहरूको पर-लोकमा सँधै ठूलो गति होओस्।

॥३॥

□ मूलमा "त्वाम्" पदको प्रयोग भएको छ। श्रीकृष्ण शाहको आज्ञाले उनको निमित्त यो ग्रन्थ बनाइएको हुनाले "त्वाम्" यस पदले उनैलाई लक्ष्य गरेको जस्तो बुझिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिमालय पहाड नजीकै रहेको ज्यादै राम्रो गोरखा नाम गरेको पहाडी राज्यमा राजामा श्रेष्ठ द्रव्य शाह हुनुभयो । उहाँका छोरा सूर्य जस्तै तेजिला, असल बुद्धि भएका, राम शाह हुनुभयो । ◈

॥४॥

गुणी, रामचन्द्र जस्ता, उहाँ राम शाहले राज्य गरिरहनुभएको बेलामा बेलैमा पानी पर्थ्यो । बाली नाली राम्रो हुन्थ्यो । प्रजाहरू धर्मात्मा र सुखी थिए । उहाँको ठूलो प्रतापले त्यो समय अहो ईमानदारीको थियो । हामी अरू के भनौं ।

॥५॥

उहाँका छोरा डम्बर शाह हुनुभयो । उहाँका छोरा कृष्ण शाह हुनु भयो । उहाँका छोरा असल बुद्धि भएका रुद्र शाह हुनुभयो । उहाँका छोरा उत्साही राजा पृथ्वी-भएका पति शाह हुनुभयो । उहाँका छोरा असल गुण भएका वीरभद्र शाह हुनुभयो ।

॥६॥

पाठान्तरको अर्थ–

◈ द्रव्य शाह हुनुभयो । उहांका (छोरा) पूर्ण शाह हुनुभयो । उहांका विद्वानहरूको आदर गर्ने दुइ छोरा हुनुभयो । जेठा छोरा छत्र शाह अघिबाटै स्वर्गे हुनुभयो । उहांका (छत्र शाहका) भाइ असल बुद्धि भएका राम शाह राज हुनुभयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँका छोरा देवताको चरण कमलको भक्ति गर्ने, असल बुद्धि भएका राजा नरभूपाल शाह हुनुभयो । गौरीश्वर पण्डितले बताएको विधिअनुसार अनुष्ठान गर्दा उहाँ नरभूपाल शाहले सिद्धि पाउनु भएको थियो। उहाँको चरण कमलको पानी पिउनाले लाटोको पनि बोली फुट्थ्यो ।

॥७॥

उहाँका नाउँ चलेका पाँच जना छोराहरू हुनुभयो। जेठा पराक्रमी पृथ्वीनारायण शाह, माहिला गुणी महोद्दामकीर्ति शाह, साहिला कीर्ति फैलिएका दलमर्दन शाह, काहिला देवताको भक्ति गर्ने दलजित् शाह, कान्छा शूरप्रताप शाह हुनुभयो ।

॥८॥

महादेवका पाँच मुखहरू नङ्गा स्वरूपलाई, छमुखे छोरा (स्वामिकार्तिक) लाई, हात्तीमुखे छोरा (गणेश) लाई, छाडेर भोकाएर राज्य भोग गर्न यहाँ आएका हुन् कि ? अथवा पाण्डुका पाँचैजना छोराहरू नेपालका राजारूपी कौरवहरूलाई सखाप पार्न यहाँ आएका हुन् भनी यी पाँच राजकुमारहरूलाई देखेर दुनियाँहरू शंका गर्थे ।

॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँहरूमा जेठा, राजाहरूको श्रीपेजको मणिले दुइ पाउ सिंगारिएका, पृथ्वीनारायण शाह शत्रुहरूलाई नाश पारेर नेपाल देशका राजा हुनुभयो । उहाँका कामदेवभन्दा राम्रा दुइ छोरा हुनुभयो । उहाँहरूमा जेठा राजा सिंहप्रताप शाह (प्रताप सिंह शाह)□र कान्छा बहादुर शाह हुनुभयो ।

॥१०॥

जसका हातले फूर्तिसाथ रोजेर उठाएको ठूलो धनुबाट छुटेका कडा बाणहरूले ठूल-ठूला शत्रुहरू सखाप हुन्छन् । जसको विजय यात्रामा फौजले उडाएका धूलोको थुप्रोले सूर्य पनि ढाकिन्छन् । त्यस्ता उहाँ श्री बहादुर शाह पृथ्वीमा विजयी भएर रहनु भएको छ ।

॥११॥

राजा प्रताप सिंहकी महारानी करोडौं* हात्ती आदि दान दिने, नाउँ चलेकी श्री राजेन्द्रलक्ष्मी कान्ति-पुरमा हुनुहुन्छ । उहाँका दानरूपी पानीले बनेको

□ सिंहप्रताप शाह अशुद्ध नाउं हो । शुद्ध नाउं प्रतापसिंह शाह हो । यस विषयमा इतिहास-संशोधनको प्रमाण प्रमेय १५७-६० पृष्ठ हेर्नुहोस् ।

* यो शब्द अत्युक्तिपूर्ण हो । यस्तो विषयमा विशेष विवेचना जयरत्नाकर नाटकको उपोद्घातको ६-११ पृष्ठमा गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समुद्रबाट उदाएका चन्द्रमाका किरणले सारा दिशाहरू झलमल्ल भए । जो गरीब थिए, ती कुवेर जस्तै धनी भए ।

।।१२।।

उहाँ राजेन्द्रलक्ष्मीबाट शत्रुसमूहको प्रतापरूपी दन्किरहेको आगोलाई निभाउन बादलको वर्षा जस्ता भएका, कामदेवको जस्तै राम्रो शरीर भएका, सभामा इन्द्र जस्तै भएका, लडाइँमा अर्जुन जस्ता भएका, रणबहादुर शाह महाराज पैदा हुनुभयो । राजाहरूमा श्रेष्ठ पृथ्वीनारायण शाहको यो पवित्र वंशावली हो ।

।।१३।।

महोद्दामकीर्तिकी रानी जयकुमारी हुनुभयो । उहाँ देवकी जस्ती हुनुहुन्छ । उहाँ असल ब्राह्मणहरूलाई दान दिएर भएको आनन्दले स्वर्गको अमृतको धारालाई पनि तुच्छ सम्झेर रहनुभएको छ ।

।।१४।।

उहाँका अग्निसमान झलमलाउँदा छोराहरू हुनुभयो । श्रीपहलमान शाह जेठा, मन्त्री श्रीबलभद्र शाह माहिला, श्रीश्रीकृष्ण शाह कान्छा हुनुभयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहो ! पराक्रमी यहाँहरू जानु भएपछि लडाइँमा कुन-चाहिं शत्रु टिक्न सक्ला ?

॥१५॥

धर्ममा लागेको सफा मन भएका, असल बुद्धि भएका, देवताको आराधना गर्ने, जेठा पहलमान शाह संसारमा एकलै पनि गजब गजबका धर्मकर्म गर्नुहुन्छ। उहाँका राम र कृष्ण जस्ता दुइ भाइ (बलभद्र शाह र श्रीकृष्ण शाह) गोरखाका महाराजको शहरमा ठूला ठूला पदमा रहनु भएको छ।

॥१६॥

कल्पवृक्ष जस्ता जुन दुइ दाजुभाइकहाँ पुगेर गरीब मानिसहरू पनि कुबेरसंग सेखी गर्न पुग्छन् । जसको करनालको आवाजलाई सुनेर शत्रुहरू यमराजको राँगोको घण्टाको आवाज ठान्दछन् । ठूलो प्रेमले मिलेका जसलाई देखेर दुनियाँहरू दङ्ग भएर ब्रह्माजीको सृष्टि कलाको तारीफ गर्छन् ।

॥१७॥

सिराञ्चोकको लडाइँमा सिपालु सिपाहीहरूले बेसरी लगारिएका कुनचाहिं राजाले श्रीकृष्ण शाहसित बसेका बलभद्र शाहलाई चिनेनन ? उहाँका कलावती र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जयभामा भन्ने दुइटी दिदी बहिनी हुनुहुन्छ । उहाँकी मुमाको नाउँ जयकुमारी हो ।

॥१८॥

श्रीकृष्ण शाहको आज्ञाले नजान्ने मानिसहरू पनि जानून् भनी कवि वाणीविलासले सबै किसिमका मानिसको प्रशस्ति (चिट्ठी लेख्ने विधि = पत्रबोध) बनाएका हुन् । जबसम्म पृथ्वी प्रलयकालको आगोको ज्वालाले ध्वस्त भएको हुनेछैन, तबसम्म यो प्रशस्ति रहिरहोस् ।

॥१९॥

जान्ने मानिसले गुरुलाई लेख्दा छ वटा श्री लेख्नू । राजालाई लेख्दा पाँचवटा श्री लेख्नू । आफ्ना कामदारहरूलाई लेख्दा दुइवटा श्री लेख्नू । शत्रुलाई लेख्दा चारवटा श्री लेख्नू । साथीलाई लेख्दा तीनवटा श्री लेख्नू । स्वास्नी छोराछोरीलाई लेख्दा एउटा श्री लेख्नू ।

॥२०॥

श्री शब्द मङ्गलसूचक हुनाले र प्रशस्तिको उठानमा लेख्नु पर्ने हुनाले पनि श्री शब्द लेख्ने काइदा यहाँ बयान गरियो । अब चारै जातको प्रशस्ति बताइन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब पहिले पण्डितलाई

स्वस्ति । अनेक विद्याद्वारा निस्केको दोष नभएको सज्जनलाई आनन्द दिने गद्य र पद्य बनाउन सक्ने हुँदा दुनियाँमा नाउँ चलेका, आफ्नो पाण्डित्यले ठूल-ठूला विपक्षीहरूको मण्डलीलाई परास्त पारेका, विद्याको विकास गराउनेमा मेरा प्रणामहरू पुगून् ॥

॥२१॥

स्वस्ति । राम्रा, दानी, सुखी, तेजिला, भगवान् श्रीरामचन्द्रको भक्ति गर्ने, ठूला विद्वान्मा मेरो दण्डवत् प्रणाम पुगून् ।

॥२२॥

अनेक शास्त्रको विचार गर्दा गर्दा पैदा भएको असल कीर्त्तिले सुहाएका हे विद्वान्हरूका शिरोमणि ! विभिन्न काम गर्न सिपालु भएका चेलाहरूले ढोगिएको तपाईंको चरण–कमलमा मेरा नमस्कारहरू सधैं पुगून् ।

॥२३॥

अब भलाकुसारी सोधी पठाउने काइदा

शास्त्रहरूको ज्ञानमा मन लाएका हे गुणी ! ईश्वरीको कृपाले सँधै तपाईंको भलो होस् भनी म चाहन्छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपाईंको निगाहले यहाँ मलाई सञ्चै छ । जेले गर्दा तपाईंसङ्गको बिछोडले भएको मेरो मनको ताप कम हुन्छ ।

॥२४॥

पत्र आएन भनी शिकायत लेख्ने काइदा

हे दयालु! मचाहिं चिट्ठी लेखिरहन्छु । तपाईंचाहिं तपाईंको बिछोडले भएको मेरो मनको ताप हटाउने गरी किन चिट्ठी लेख्नुहुन्न ?

॥२५॥

अब राजालाई

स्वस्ति । बलियो हातले लिएको बलियो धनुबाट निस्केका तीखा बाणहरूले मारिएका ठूल–ठूला शत्रुका टाउकाले भुइँ सिंगारिएकामा यथोचित ।

॥२६॥

स्वस्ति । ज्यादै बलियो आफ्नो हातले लिएको धनुबाट छुटेका बाणहरूले जितिएका ठूल–ठूला राम्रा अङ्ग (भागलपुरको वरिपरिको देश) बङ्ग (बङ्गाल) कलिङ्ग (उडिसा देखि दक्षिणतिरको देश) तैलङ्ग (कर्नाटक) काश्मीर आदि देशका राजाहरूले स्तुति गरिएकामा यथोचित ।

॥२७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वस्ति । आफ्ना बलिया दुइ हातले खतम पारेका ठूल–ठूला शत्रुका आइमाईहरूका नीलकमल जस्ता आँखाबाट आँसुका बलिन्द्र धारा ओइराउने प्रताप भएकामा यथोचित ।

॥२८॥

ठूल–ठूला राजाहरूबाट कर लिने, चन्द्रमाको जस्तै ठूलो कान्ति भएका, उन्नति हुँदै आएका, ठूल–ठूला विद्वान्हरूमा रहेको गरीबीलाई हटाइदिने श्रीमान्मा मेरा स्वस्ति आशीर्वाद पुगून् ।

॥२९॥

भलाकुसारी सोधी पठाउने काइदा

परमेश्वरको कृपाले मलाई सञ्चै छ । बुद्धिमान् यहाँको हरबखत आरामी चाहन्छु । यहाँसँगको बिछोडले भएको मेरो मनमा रहेको ताप यहाँको आरामी खबर सुनेर चाँडै नै मसाङ्झिन्छ, तथा मनमा ज्यादै आनन्द हुन्छ ।

॥३०॥

पत्र आएन भनी शिकायत लेख्ने काइदा

अरू राजाहरूले पाउ ढोगिएका हे महाराज ! हजूरको ठूलो बिछोडलाई शान्त पार्ने एक उत्तर पनि हजूरले मलाई किन लेखिबक्सेन ?

॥३१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अब वैश्यलाई

स्वस्ति। चिनी आदि गुलिया चीज परेका अमृतलाई पनि माथ गर्ने मिठाईको भोजनले तृप्त भएका ब्राह्मणले दिएका आशीर्वादले भएको बेपारबाट कमाएको पैसा दान दिनाले ब्राह्मणहरूको दारिद्र्यलाई हटाइदिने, विद्वान्हरूले बताएअनुसारको शास्त्रसम्मत धर्मकर्म गर्नाले इज्जत पाएकामा यथोचित।

॥३२॥

रास्रा, बेपारबाट कमाएको धनले धर्मकर्म गर्ने, भागवत महाभारत आदि पुराण सुन्न मन लाउने, सपरिवार तपाईंमा मेरा सयौं शुभ आशीर्वाद पुगून्।

॥३३॥

भलाकुसारी सोधी पठाउने काइदा

परमेश्वरीको कृपाले मलाई सन्चै छ। बेपारबाट कमाएको धनले गरीबको गरीबीलाई हटाइदिने, तपाईंको सँधै भलो चाहन्छु। तपाईंको आरामीखबर सुनेर मेरो मनमा रहेको दुःख शान्त हुन्छ।

॥३४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र आएन भनी शिकायत लेख्ने काइदा

हे दयालु साथी ! तपाईंलाई मैले धेरै चिट्ठी पठाइसकें । तपाईं किन एउटा पनि उत्तर पठाउनु हुन्न ? तपाईंसंगको बिछोडले मेरो मन पोलिरहेको छ।

॥३५॥

शूद्रलाई

स्वस्ति । ठूल-ठूला विद्वान्हरूले शास्त्रबमोजिम निर्णय गरिएका धर्मकर्म गर्ने, आपनो नाम सुनेर आएका जोगी गरीब गुरुवाहरूलाई पाल्ने, नारायणका भक्त, गुणी, तपाईंमा मेरो आशीर्वाद पुगून् ।

॥३६॥

भलाकुसारी सोधी पठाउने काइदा

विद्वान्को सेवा गर्न मन लाउने तपाईंमा मेरो धेरै आशीर्वाद पुगून् । विष्णुको निगाहले यहाँ म सञ्चै छु । म तपाईंको भलो चाहन्छु ।

॥३७॥

पत्र आएन भनी शिकायत लेख्ने काइदा ।

दयालु हे साथी ! तपाईंले चिट्ठी लेख्नु भएन । तपाईंको भलो थाहा पाएपछि मात्र अड्ने यो मेरो प्राण कसरी अड्ला ?

॥३८॥

चारै वर्णको प्रशस्ति लेख्ने काइदा सिद्धियो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरुलाई

स्वस्ति । संसारको बन्धनमा परेका मनुष्यलाई उद्धार गर्ने जगद्व्यापी नारायणको चरणकलममा मन लाएका, इष्टदेवताको प्रसादले सिद्धि पाएका श्री गुरुको चरण कमलमा मेरा कोटि कोटि प्रणाम पुगून् ।

॥३९॥

धेरै मानिसले ढोगिएको गुरुको चरणकमलमा संसारको दुःखदेखि डराएको मेरो नमस्कार पुगून् ।

॥४०॥

भलाकुसारी सोधी पठाउने काइदा

परमेश्वरको कृपाले मलाई यहाँ सञ्चै छ । त्यहाँ हजूरको कुशलको कामना गर्दछु ।

॥४१॥

पत्र आएन भनी शिकायत लेख्ने काइदा

हे गुरु ! हजूरले संसारको अज्ञानलाई नाश गर्ने मन्त्र मलाई दिनु भयो । किन हो कुन्नि, अहिले दया-पूर्वक एउटा चिट्ठी पनि पठाउनु हुन्न ?

॥४२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संन्यासीलाई

स्वस्ति । धेरै किसिमका विद्याविनोदले भएको चतुऱ्याइँले वेदको रहस्य बुझेका, ठूल-ठूला उपनिषद्को अध्ययनले मन पवित्र भइरहेको हुनाले सबै सुखसयल-लाई तुच्छ सम्झेका, कडा योगाभ्यासमा लागेको मनले ब्रह्मज्ञान पाएकामा प्रणाम पुगून् ।

॥४३॥

तपाईंको चरण–कमलमा मेरा नमस्कार पुगून् । यहाँ मलाई सञ्चै छ । त्यहाँ तपाईंको भलो चाहन्छु ।

॥४४॥

पत्र आएन भनी शिकायत लेख्ने काइदा

हे असल वेदान्ती ! मैले त चिट्ठी लेखिरहेकै छु । तपाईं किन चिट्ठी लेख्नु हुन्न ?

॥४५॥

वैष्णवलाई

स्वस्ति । दैत्यहरूलाई सखाप पार्नमा सिपालु भएका शङ्ख चक्र गदा पद्मले सुहाएका चतुर्बाहु नारा-यणको चरण-कमलमा ध्यान गर्नाले पएको ज्ञानले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन माझिएका, शान्त स्वभाव भएका, श्रीमान्‌को चरण-कमलमा मेरा प्रणाम पुगून् ।

॥४६॥

विष्णुको चरण-कलमको पूजा गर्नाले बुद्धि सप्रेका, भक्तहरूमा अघिसरा भएका यहाँमा मेरा प्रणाम पुगून् ।

॥४७॥

भलाकुसारी सोधी पठाउने काइदा

हे वैष्णव ! विष्णुको कृपाले मलाई यहाँ सञ्चै छ । सधैं तपाईंको भलो चाहन्छु ।

॥४८॥

पत्र आएन भनी शिकायत लेख्ने काइदा

विष्णुको चरण—कमलमा मन लाएका हे वैष्णव! मैले त चिट्ठीहरू पठाएको थिएँ । तपाईंले दुःख हर्ने चिट्ठी किन पठाउनु भएन?

॥४९॥

कविलाई

स्वस्ति । अनेक विद्याको विचारको चतुऱ्याइँले भएको चमत्कारद्वारा बनेका थरीथरीको कविताको आनन्दले रसिक जनहरूलाई वश पारेका, राजाहरूको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

सभामा सुहाएका, वाक्शक्तिले कमाएको ठूलो कीर्त्तिले प्रख्यात भएकामा मेरा प्रणाम पुगून् ।

॥५०॥

धर्मात्मा, फुरेको कविताको विचारबाट पैदा भएको आनन्दले मन प्रसन्न भएका, श्रीमान्मा दिनका दिन मेरा नमस्कार पुगून् । नारायणको कृपाले मलाई सञ्चै छ । तपाईंको भलो चाहन्छु । मैले चिठीहरू लेखिसकें । तपाईंचाहिं उत्तर दिनुहुन्न ।

॥५१॥

ज्योतिषीलाई

स्वस्ति । अरू मानिसहरूले थाहा नपाएका सूर्य आदि नव ग्रहको गति थाहा पाउनाले पक्का गरिएको समयसम्बन्धी ज्ञानद्वारा भएको बितिसकेका र पछि हुने कुराको ज्ञानले प्रभाव परेका राजाहरूबाट कीर्त्ति फैलिएकोमा यथोचित् ।

॥५२॥

ठूला ज्योतिषी तपाईंमा मेरा प्रणामहरू पुगिरहून् । यहाँ मलाई सञ्चै छ । तपाईंको भलो चाहन्छु । मैले चिट्ठी लेखें, तपाईंले लेख्नुभएन ।

॥५३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाबुलाई

स्वस्ति । मनमा ज्यादै ठूलो आनन्द भएका, ठूला-ठूला दैत्यहरूका काटिएका धडबाट बगेका रगतको ठूलो भेल पिउनाले सन्तुष्ट मन भएका देवदेवीहरूका चरण-कमलको सेवामा मन लाउने, ठूलो स्नेहपूर्वक हामी बालकहरूलाई पाल्ने पिताजीको चरण कमलमा दण्डवत्प्रणाम पुगून् ।

।।५४।।

स्वस्ति । भागीरथीको जल जस्तै निर्मल हृदय भएका, पशुपतिको चरण-कमलको सेवामा मन लाउने पिताजी-को, भक्तको इच्छापूर्ति गरिदिने चरण-कमलमा मेरा साष्टाङ्ग प्रणाम चाँडै पुगून् ।

।।५५।।

भलाकुसारी सोधी पठाउने काइदा ।

पिताजी ! मेरो जन्म आदि पुण्यकर्म गर्नुभएका हजूरको आरामी चाहन्छु । परमेश्वरीको कृपाले यहाँ मलाई सञ्चै छ ।

।।५६।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्र आएन भनी शिकायत लेख्ने काइदा

भक्ति नै नगरे तापनि छोराउपर बाबुको प्रेम भई हाल्छ । हे पिताजी ! मैले त यहाँको हालखबर सबै लेखी चिठी पठाएको छु । किन हजूरले दु:ख नाशी आनन्द दिने एउटा चिट्ठी पनि लेख्नुभएन ?

।।५७।।

आमालाई

स्वस्ति । पतिका चरण-कमलमा आराधना गर्दा भएको ठूलो धर्मले अरुन्धती जस्तै भएकी, मीठो बोली वचन र प्रेमपूर्वक हुर्काइएका छोरा छोरीको मुखबाट निस्केका अमृतका धारा जस्ता मीठा बोलीले प्रसन्न मन भएकीमा मेरा प्रणामहरू पुगून् ।

।।५८।।

आमा ! हजूरको चरण–कमलमा मेरा प्रणाम पुगिरहून् । पशुपतिको कृपाले मलाई सन्चै छ । हजूरको आरामी चाहन्छु । आमा ! मैले त धेरै चिट्ठी लेखिसकें हजूरले किन चिट्ठी लेख्नु भएन ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

।।५९।।

पत्नीलाई

राम्रो रूपले तीनै लोकका सुन्दरीहरू जस्तै भएकी, मुसुक्क हंसाइले आफ्ना प्याराको मनलाई सन्तुष्ट पारेकी, आँखाको कर्काइले कमल बाहुनीचरी र माछाहरूलाई माथ गरेकी, मेरो प्राणभन्दा पनि प्यारीमा सयौं आशीर्वाद पुगून् ।

॥६०॥

शरद् ऋतुको चन्द्रमा जस्तै मुख भएकी हे प्यारी! तिमीमा मेरो आशीर्वाद पुगून् । मलाई यहाँ सञ्चै छ । म हरबखत तिम्रो भलो चाहन्छु । किन तिमी चिट्ठी लेख्दिनौ ?

॥६१॥

दाइ-भाइलाई

स्वस्ति । भक्तिको थुप्रोद्वारा पैदा भएको असंख्य पुण्यहरूद्वारा पैदा भएको दाजु भाइको प्रेमले राम लक्ष्मण तथा अश्विनीकुमार जस्तै भएका, चिन्ता हटाई दिनेमा प्रणाम अथवा आशीर्वाद पुगून् ।

॥६२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दाइलाई

हे दयालु दाइ ! हजूरको चरण-कमलमा मेरा नमस्कार पुगून् । विष्णुको कृपाले मलाई सन्चै छ । हजूरको आरामी चाहन्छु । मैले धेरैवटा चिट्ठी पठाइसकें । हजूरले किन चिट्ठी पठाउनु भएन ?

।।६३।।

भाइलाई

हे मेरा भाइ ! तिमीमा मेरो आशीर्वाद पुगून् । मलाई सन्चै छ । तिम्रो भलो होस् भनेर मेरो मन चाहन्छ । तिमी चिट्ठी लेख्दैनौ ! मैले कसरी जबाफ दिने !

।।६४।।

पतिलाई

स्वस्ति । आफ्नो प्यारीको मनोकाङ्क्षा पुर्‍याइदिने कल्पवृक्ष जस्तै हुनुभएका, परमात्माको ध्यान गर्नाले धर्म अर्थ काम मोक्ष पाउनुभएका, मेरा प्राणनाथमा प्रणामहरू पुगून् ।

।।६५।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणनाथ ! हजूरको चरण–कमलमा मेरा प्रणाम-हरू पुगून् । परमेश्वरको कृपाले यहाँ मलाई सन्चै छ । त्यहाँ हजूरको आरामी चाहन्छु । मैले धेरै पत्र लेखी पठाइसकें । प्राणनाथ ! किन हजूर मेरो आनन्दको लागि एक पत्र पनि लेख्नुहुन्न ?

॥६६॥

छोरालाई

स्वस्ति । सबै धर्म–अधर्म, आचार–विचारको चमत्कारले देखिएको पाण्डित्यद्वारा कीर्ति फैलिएका, हाम्रो कुललाई उज्यालो पार्ने बत्ती जस्ता भएका, मेरो प्राणभन्दा पनि प्यारा छोरामा शुभाशीर्वाद पुगून् ।

॥६७॥

हे छोरा ! तिमीमा प्रतिदिन मेरा आशीर्वाद पुगून् । यहाँ मलाई सन्चै छ । त्यहाँ तिमीलाई आरामी भए यहाँ मलाई आनन्द हुनेछ । मैले धेरै चिट्ठी पठाइ-सकें । तिमीले मेरो चिट्ठीको उत्तर किन पठाएनौ ? यसो भए मेरो प्राण कसरी अड्ला ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

॥६८॥

चेलालाई

स्वस्ति । अनेक किसिमको सेवा गर्नाले प्रसन्न मन भएका आफ्ना गुरूबाट पाएको शिक्षाद्वारा श्रीइष्टदेवताको चरण–कमलमा मन लाउने, नाना प्रकारले मन्त्र साधना गर्ने, असल चेलामा आशीर्वाद पुगून् ।

।६९।।

दवीको चरण–कमलमा भक्ति गर्ने, असल चेलामा मेरा सय आशीर्वाद पुगून् । यहाँ मलाई सञ्चै छ । त्यहाँ तिमीहरूको भलो चाहन्छु । हे शिष्य ! मैले त चिट्ठी पठाएँ । तिमी किन चिट्ठी पठाउँदैनौं ? भन ।

।।७०।।

साथीलाई

स्वस्ति । खूब प्रेम गर्ने, नारायणको भक्तिमा मन लाउने, सत्पात्रको रक्षा गर्ने, पवित्र चरित्र भएका, परिवारले युक्त भएका, साथीको चरणकमलमा मेरा प्रणामहरु पुगून् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

।।७१।।

साथीको चरण–कमलमा मेरो हरबखत नमस्कार पुगून् । यहाँ मलाई सञ्चै छ । तपाईंहरूको भलो चाहन्छु । मैले धेरै चिट्ठी लेखिसकें । तपाईं किन चिट्ठी लेख्नु हुन्न ? गुणी साथीको चिट्ठी नपाएपछि मेरो प्राण कसरी अड्ला ?

॥७२॥

अब साधारण प्रशस्तिहरू

स्वस्ति । धेरै किसिमका विद्याविनोदले मन खुशी भएका, विद्वान्को सेवामा मन लाएका, मेरो मनमा संधै बास पाइरहने प्यारामा यथोचित् ।

॥७३॥

स्वस्ति । विष्णुको भक्तिमा मन लाउने, मेरो मनले संधै सम्झिरहने राम्रा गुण भएकामा यथोचित् ।

॥७४॥

तपाईंको चरण–कमलमा मैले हरबखत गरेको नमस्कार पुगोस् । परमेश्वरका कृपाले हामीलाई सञ्चै छ । तपाईंको संधै आरामी चाहन्छौं ।

॥७५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कान्छालाई

नारायणको चरण–कमलको ध्यान गर्नाले सुख पाएका, धर्मात्मा, सपरिवार तिमीसा मेरा हजारौं आशीर्वाद पुगून् ।

॥७६॥

भलाकुसारी लेख्ने काइदा

पशुपतिनाथको कृपाले हामीलाई यहाँ सन्चै छ । हामी तिम्रो भलो चाहन्छौं । तिमीलाई आराम भए हामीलाई सुख हुनेछ ।

॥७७॥

पत्र आएन भनी शिकायत लेख्ने काइदा

हे दयालु ! मैले त धेरै चिट्ठी पठाइसकें । तिमी बिछोडलाई कम गराउने चिट्ठी किन लेख्दैनौ ?

॥७८॥

अब स्वास्नीमान्छेलाई साधारण प्रशस्तिहरू

स्वस्ति । पतिव्रता भएर कमाएको कीर्तिले अरुन्ध-ती आदि पतिव्रता स्त्रीहरू जस्तै भएकी, ... मा यथोचित ।

॥७९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वस्ति । दु:खी मानिसहरूका उद्धार गर्नामा मन लाएकी, ठूल-ठूला दैत्यहरूको सेखी झार्नका लागि शङ्ख, चक्र आदि धारण गरेका नारायणलाई प्रसन्न पारेकी ... मा यथोचित ।

॥८०॥

जेठीलाई

तपाईंको चरण–कमलमा मेरा प्रणाम पुगून् । यहाँ मलाई सञ्चै छ । तपाईंको आरामी चाहन्छु ।

॥८१॥

कान्छीलाई

पतिव्रता तिमीमा मेरा संधै आशीर्वाद पुगून् । मलाई यहाँ सञ्चै छ । म तिम्रो भलो चाहन्छु ।

॥८२॥

अब पत्र आएन भनी शिकायत लेख्ने काइदा

मैले त धेरै चिट्ठी पठाइसकें । हे दयालु ! तिमी किन एउटा चिट्ठी पनि पठाउन्नौ ?

॥८३॥

वाणीविलास पण्डितले बनाएको यो 'प्रशस्ति–रत्नावलि' नाम गरेको पुस्तकले, सूर्यले चखेवीलाई झैं बलभद्र शाह र श्रीकृष्ण शाह दुवै जनालाई खुशी पारोस् ।

॥८४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो बुद्धिलाई ठीक पारख गर्न नसक्ने मैले यो ग्रन्थ बनाएँ। यसमा भ्रमवश अशुद्धि पर्न गएका होलान्। सज्जनहरूले यसलाई सच्याइदिनुहोला।

॥८५॥

कविको पंक्ति र राजाको श्रीपेजको मणिले पाउ सुहाएका, रामहृदय पण्डितले जसलाई जन्माउनु भयो। तिनले (रामहृदयका छोराले) असार संसारमा रहेर बनाएको यो ग्रन्थ वैदिक मार्गमा विहित ताराहरूको (वज्रयोगिनीहरूको) मन्त्रको प्रभावले पूरा भयो।

॥८६॥

गोरखाका राजा नरभूपाल शाहका नाति, श्री महोद्दाम कीर्तिका छोरा श्रीकृष्ण शाहले बनाउन लाएको, राजकुलका शिरपेचको मणिले पाउ सुहाएका, राम-हृदय पण्डितका छोरा वाणीविलास कविले बनाएको 'प्रशस्ति-रत्नावलि' सिद्धियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुक्रमणिका

यस प्रशस्तिरत्नावलिमा परेका श्लोकहरूको सूची अकारादिक्रमले यहाँ दिइएको छ–

श्लोक	श्लोकसंख्या	पृष्ठसंख्या
अजानताहो रचिता	८५	३३
अज्ञोद्धारणमानसो	१९	८
अभक्तेषु पुत्रेष्वपि	५७	२४
अलेखि पत्रिका	८३	३२
अविरलमदधारा०	१	१
आशीरुल्लसतु	६८	२८
आशीश्शतं स्फूर्जतु	३७	१६
आस्तां सानतितति०	५३	२१
एतेषामग्रजो यो	१०	५
एवं पौरजनाः	९	५
कविश्रेणीक्षीणो०	८६	३४
किं गुरो भवता०	४२	१८
कुशलं भवतां	५६	२३
कौशल्यं भवतां	२४	१०
कौशल्यं मम वर्तते	३४	१४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जगति या कमला	२	२
जानकीधवपादाब्ज०	४७	२०
ज्येष्ठो धर्मविनिष्ठित०....	१६	७
तत्पुत्रः समभून्महान्हि	७	४
तत्पुत्रा ज्वलनोपमाः	१५	७
तस्यां पुत्रः समासी०	१३	६
तस्यासन् पञ्च पुत्रा०	८	४
दयानिधौ त्वयि च	३५	१४
द्योतन्तां नतयः सुमित्र०	७२	२९
नतिततिर्भवदीपपदा०	७५	३०
नतिर्हि मे विराजताम्	४४	१९
नत्यालिर्मम राजतां	५१	२१
नृपतिमौलिविराजित०	३१	१३
पत्रालिः प्रेरिता०	४९	२०
पत्रिकाः भवतालेखि	३८	१६
पुत्रोस्यैव च डम्बरः	६	४
प्रणामसंचयोस्तु मे	८१	३२
प्रणामा भूयासुर्जननि	५९	२५
प्रशस्तिरत्नावलिसंज्ञि०	८४	३२
प्राणाधीश्वर पादप०	६६	२७
प्रेरितं च मया पत्रं	४५	१९
मदनुज त्वयि चा०	६४	२६
मम गुरुचरणाविन्द०	४०	१७
मम भवन्तु भवन्तु	३	२
ममात्र शं हि वर्तते	७७	३१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मया तु प्रेरिता	७८	३१
यद्भ्रातृद्वयमेत्य दीन०	१७	७
यस्मिन् राममहीपतौ	५	३
लिखितमत्र तु पत्र०	२५	११
वरीवृतीति मे सुखं	४१	१८
विद्वद्वृन्दशिरोमणे	२३	१०
शरदिन्दुलसन्मुखार०	६१	२५
शिराञ्चोके भूपै०	१८	८
शं ममात्र वरीवर्त्ति	४८	२०
श्रीगोर्षाभिधपर्वते०	४	३
श्रीमच्छिष्यवरे ममा०	७०	२८
श्रीमत्सिंहप्रतापक्षितिपति०	१२	६
श्रीमद्दोर्द्वन्द्वदण्डो०	११	५
श्रीमद्धूर्जटिपादपद्म०	३०	१२
श्रीमद्रमानाथपदारवि०	७६	३०
श्रीशब्दाः गुरुपादपद्म०	२०	९
सदाशिषो लसन्तु मे	८२	३२
समभवदिह पत्नी श्री०	१४	६
स्वस्ति श्रीत्रिदिवापगा०	५५	२३
स्वस्ति श्रीमकरध्वजा०	३३	१४
स्वस्ति श्रीमति भूपति०	२९	१२
स्वस्ति श्रीविलसत्पु०	६३	२६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल राष्ट्रिय पुस्तकालयका अन्य प्रकाशनहरू

पुस्तकको नाम		सजिल्द	अजिल्द
१. जगन्मोहनम्	(पहिलो भाग)	१०।	६।
२. संवित्प्रकाशकाव्यम्		–	२।
३. भाषावंशावली	(पहिलो भाग)	–	२।५०
४. जगन्मोहनम्	(दोस्रो भाग)	१०।	६।
५. बौद्धदर्शनसूचीपत्र	(पहिलो भाग)	–	२।
६. ज्योतिषसूचीपत्र	(पहिलो भाग)	–	२।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुद्रक–श्री ५ को सरकारको छापाखाना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection